'स्थिरता र समृद्धिका लागि 'मिसन ८४' लाई लक्ष्य बनाएका छौं' पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २५ • अंक ३२६ • २०८१ साल बैशाख १२ गते बुधबार (24 April, Wednesday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

अवैध सम्वन्धको पीडादायी अन्त्य

टुडे समाचारदाता

जनकपुरधाम । महोत्तरीको पिपरा गाउँपालिका-३ घर भएका ३१ वर्षीय हितेन्द्र पासवान ४ दिनदेखी परिवारको सम्पर्कमा थिएनन् । परिवारका सदस्यहरू उनको खोजीमा निस्किए ।

धनुषाको जनकपुरस्थित होटलहरुमा खोज्दै जाँदा रामानन्द चोकमा रहेको होटल होलिडे एण्ड गेष्ट हाउस सञ्चालकले भने,'यहाँ दुईजना महिला पुरुष ४ दिनदेखि बसिरहेका छन् ।'

परिवारका सदस्यहरूले कोठा नम्बर २०५ मा पुगेर ढोका ढकढक्याए । भित्रबाट बच्चा रोएको आवाज आइरह्यो तर, ढोका खुलेन् । होटल सञ्चालकले प्रहरीलाई खबर गरे । जिल्ला प्रहरी कार्यालय धनुषाका डीएसपी रन्जन अवा भन्छन्,'हामी गएर अर्को बाटोबाट हेर्दा दुईजना झुण्डिरहेको देख्यौं ।'

कोठाभित्र हितेन्द्र र पिपरा माइतिघर भएकी २५ वर्षीया प्रियंका कापर झुण्डिरहेका थिए । सिलिङमा रहेको डण्डीमा सलको पासो लगाएर दुवैजना झुण्डिएको डीएसपी अवाले बताए ।

उनी भन्छन्,'घटनास्थलमा भेटिएकी बालिका मृतक प्रियंकाको रहेको थाहा भएको छ ।'

साढे २ वर्षीया बालिका लिएर प्रियङ्का हितेन्द्र सँगै होटलमा गएकी थिइन् । प्रियंकाको विवाह महोत्तरीको लोहारपट्टि नगरपालिका-४ स्थित खुट्टामा भएको थियो ।

मृतक दुवैजना विवाहित छन् । विवाहेत्तर सम्बन्धका कारण उनीहरूको दुखान्त भएको प्रहरीको प्रारम्भिकक अनुसन्धानको निष्कर्ष छ । दुवै परिवार घटनास्थलमा पुगेका थिए ।शव पोष्टमार्टमका लागि मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्रादेशिक अस्पतालको शव गृहमा राखिएको छ ।

लुंगेलीलाई श्रम, साह विना बिभागिय

लोसपा पुनः सरकारलाई समर्थन गर्ने, वन मन्त्रालय माग

टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेश सरकारमा नेकपा एसकी सभासद बेची लुंगेली श्रम तथा यातायात मन्त्रालयको जिम्मेवारी पाएकी छन् । गत हप्ता मन्त्री बनेकी लुंगेलीलाई मुख्यमन्त्री सरोज कुमार यादवले मंगलवार मन्त्रालय तोकेका छन् ।

अर्थ मन्त्रालय ताकेका माओवादी केन्द्र संसदीय दलका नेता भरत साह विना बिभागिय मन्त्री नै रहने संकेत देखिएको छ । मुख्यमन्त्री यादवले उनलाई वन तथा वातावरण मन्त्रालयको जिम्मेवारी दिन तयार छन् । तर साह त्यसमा सहमती जनाइसकेका छैनन् ।

उच्चस्रोतहरुका अनुसार मंगलवार बसेको मन्त्रिपरिषद्को बैठकमा उनी पुरा समय सहभागी भएको स्वीकारेका छन् । तर स्रोतहरुले उनी असन्तुष्ट देखिएको बताएका छन् ।

उच्चस्रोतका अनुसार लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)ले सरकारलाई पुनः समर्थन गर्न तयार भएको छ । लोसपाले वन मन्त्रालय माओवादीलाई नदिन आग्रह गरेको स्रोतले जनाएका छन् ।

लोसपाका अध्यक्ष महन्थ ठाकुर जनकपुरधाममा रहेको बेला सो पार्टीका एकजना सभासदले सरकारलाइ समर्थन दिने विषयमा अध्यक्ष ठाकुरले सकारात्मक सन्देश पठाएको जनाएका छन् ।

'अध्यक्ष ठाकुर समर्थन सम्बन्धमा मुख्यमन्त्री यादवसित संवाद गर्न चाहेका छन्' ती सभासदले भने, मुख्यमन्त्री सकारात्मक भए सरकारमा फेरि सहभागी हुन सक्छौ ।

यस सम्बन्धमा मुख्यमन्त्रीको प्रतिकृया प्राप्त हुन सकेन् । तर स्रोतहरुले जनाए अनुसार माओवादीका भरत साहलाई विना विभागिय मन्त्री राखेर लोसपालाई

वन मन्त्रालय दिन सक्ने संभावना छ ।

साहको गतिविधिले माओवादी संसदीय दल विभाजित भइसकेको छ । माओवादीकी नेतृ सुनिता यादव सरकारमा रहेकै बेला साहले सरकारलाई अल्पमतमा पार्न सुरसण्डमा बैठक गरेका थिए । त्यो बैठकमा उनी मुख्यमन्त्री नै बनेका थिए । तर नेपालको सीमा नछिर्दै बैठकको निर्णय तुहिएको थियो ।

मन्त्रिपरिषद् बैठकले संसदीय विकास कोषको २ अर्ब ३५ करोडको शीर्षक परिवर्तन गरी खर्च गरिने सहमति गरेको छ। प्रत्यक्ष निर्वाचित सभासदहरुलाई तीन करोड रकम बराबरको र समानुपातिक सभासदहरुलाई १ करोड बराबरको डेढ महिना भित्र सम्पन्न हुने योजना दिन सरकारले आह्वान गरिसकेको छ ।

स्रोतका अनुसार संसदीय विकास कोषको रकम खर्चका लागि शीर्षक परिवर्तन गर्न सभासदहरु सहमत छन् ।उनीहरुकै सहमतिमा सरकारले शीर्षक परिवर्तन गरी बजेट खर्च गर्ने उपाय झिकेका छन् । सरकारले ल्याउने विधेयकलाई सभासदहरुले सर्वसम्मतीबाट प्रदेश सभामा पारित गर्ने बताइएको छ ।

सर्वोच्च अदालतले प्रतिनिधि सभासदस्यको संसदीय विकास कोष रकम सहित प्रदेश सभासदहरुको संसदीय विकास कोषको रकममा समेत रोक लगाएको छ । अदालतको आदेश विपरीत सो कोषको नाममा रकम खर्च गर्न नमिल्ने भएकाले शीर्षक परिवर्तन गरी रकम चलाउने सहमति भएको छ ।

स्रोतहरुका अनुसार सभासदहरुले जेठ मसान्त भित्र सम्पन्न हुन सक्ने योजनाहरु अर्थमन्त्रालयमा दिन थालेका छन् । वैशाखको तेस्रो हप्ता भित्र योजना लिने र संभव भए सोही हप्तामा प्रस्ताव प्रदेश सभामा दर्ता गर्ने आन्तरिक तयारी गरिएको छ ।

तर योजनाहरुको चाप बढने देखेपछि भौतिक पूर्वाधार, वन, पर्यटन लगायत मन्त्रालय मातहतका कार्यालय प्रमुखहरु मोबाइलको स्वीच अफ गरी कार्यालयमा जान छाडेका छन् । उनीहरुले फेरिएका मन्त्रीहरुको दवावलाई खप्न सहज महसुस गरिरहेका छैनन् ।

मन्त्रिपरिषद् बैठकले रातो किताबमा उल्लेखित योजनाहरुको सम्झौता हुन बाँकी रहेकाहरुको पूनःसम्झौता गर्न पत्राचार गर्ने निर्णय गरेको छ । अब सम्झौता हुन बाँकी रहेका योजनाहरुको नयाँ मन्त्रीले आफ्नो सुबिधा अनुसार सम्झौता गराउने बताइएको छ ।

मन्त्रिपरिषद् बैठकले प्रदेश भन्दा बाहिर कुनै मन्त्रीलाई जानु परे मुख्यमन्त्रीको सहमति अनिवार्य रुपमा लिने निर्णय गरेको सहभागी एकजना मन्त्रीले जनाएका छन् । बैठकमा सहभागी मन्त्रीका अनुसार मन्त्रीहरुले मुख्यमन्त्रीबाट स्वीकृती लिएर मात्र राजधानी काठमाण्डु अथवा प्रदेश बाहिर जान पाउने छन् ।

मधेश प्रदेशमा हाल सम्म विकास निर्माणको कामको प्रगति सन्तोषप्रद रहेको छैन् । सरकारले विश्वासको मत लिदै थकित भएको बताइन्छ । चार पटक विश्वासको मत लिइसकेको सरकारले फेरि कहिले विश्वासको मत लिनु पर्ने निश्चित भइनसके पनि संघीय राजनीतिक घटनाक्रमले सरकार स्थिर हुन सकेको छैन् ।

सात घर जलेर नष्ट, ५४ लाखको क्षति

आगलागीबाट महेन्द्र सहनीको घर, अन्नपात, लत्ताकपडा नष्ट हुँदा १० लाख ६३ हजार बराबरको क्षति भएको छ ।

टुडे समाचारदाता

वीरगञ्ज । वीरगञ्ज महानगरपालिका-१७ स्थित अलौमा मंगलबार बिहान आगलागी हुँदा सातवटा घर जलेर नष्ट भएको छ।

वीरगञ्ज महानगरका वडा नं १७ का महेन्द्र सहनीको फुसको घरमा बिजुली चुहिएर सल्किएको आगो नजिकका सात घरमा फैलिदा ५३ लाख ९० हजार बराबरको क्षति भएको वीरगञ्ज महानगरपालिका-१७ का वडाध्यक्ष राजीबबहादुर क्षेत्रीले बताए।

"सात जनाको फुसको घरसहित अन्य लत्ताकपडा र भाँडाकुँडा पनि जलेको छ", उनले भने, "ठूलो आगलागी भएकाले पनि तत्कालै नियन्त्रण गर्न सकेनौँ । फुसको घरमात्रै होइन, गाईगोठलगायत संरचना पनि नष्ट भएका छन् ।"

जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक कुमारविक्रम थापाले दुईवटा दमकलको सहायताले दुई घण्टामा आगो निभाइएको बताए ।आगलागीबाट महेन्द्र सहनीको घर, अन्नपात, लत्ताकपडा नष्ट हुँदा १० लाख ६३ हजार बराबरको क्षति भएको छ । सहनीको सुनचाँदी, एउटा गाई र चारवटा बाख्रासमेत जलेको छ।

आगलागीबाट सहनीका छिमेकी मैना सहनीको घरको अन्नपात, लत्ताकपडा र चारवटा चौपाया गरी आठ लाख ६८ हजार बराबरको क्षति भएको प्रहरीको प्रारम्भिक अनुसन्धानले देखाएको छ।

सोही ठाउँका वीरेन्द्र सहनीको घर, अन्नपात र अन्य सरसमानसहित चार लाख ८० हजार बराबरको क्षति भएको छ।

यसैगरी तुहान सहनीको पनि घर, अन्नपात, लत्ताकपडा सुनचाँदीसहितका गरगहना जल्दा ११ लाख ६० हजार बराबरको क्षति भएको छ।

पर्सा प्रहरीका अनुसार फुलदेव सहनीको घर, अनपात, लत्ताकपडा, सरसामान, सुन चाँदी गरी चार लाख १६ हजार बराबरको क्षति भएको छ। अभय सहनीको सात लाख ८० हजार बराबरको क्षति भएको प्रारम्भिक अनुमान छ । सोही ठाउँकै अदालत साहको छ लाख २३ हजार बराबरको क्षति भएको छ।

वडाध्यक्ष क्षेत्रीले वडा कार्यालयसँग पर्याप्त बजेट नभएकाले विषद् व्यवस्थापन समितिमार्फत तत्कालै राहत प्रक्रिया अघि बढाइने बताए।

यही वैशाख ८ गते सीमावर्ती भारतको गहुँ खेतबाट सल्किएको आगोले पर्साको छिपहरमाई गाउँपालिका-१ भलमहिया वस्तीका १५ किसानको अन्नबालीसहितको फुसको घर जल्दा १२ करोड ८४ लाख बराबरको क्षति भएको थियो।

प्रधानमन्त्रीसँग रुसको इन्डस्ट्रिका प्रतिनिधिमण्डलको भेट

टुडे समाचारदाता

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'सँग रुसको चेम्बर्स अफ कमर्स एन्ड इन्डस्ट्रीका प्रतिनिधिमण्डलले मंगलबार शिष्टाचार भेट गरेको छ।

प्रधानमन्त्री निवास बालुवाटारमा भएको भेटमा प्रतिनिधिमण्डलले प्रधानमन्त्रीसँग नेपाल-रुसबीच रहीआएको सम्बन्धका विविध पक्ष र लगानीका विषयमा छलफल गरेको थियो ।

सो अवसरमा प्रधानमन्त्री दाहालले विभिन्न क्षेत्रमा विदेशी लगानी नेपाल भित्र्याउने तयारीका साथ सरकारले लगानी सम्मेलनको तयारी गरेको जानकारी दिँदै नेपालमा लगानी गर्न आग्रह गरेका थिए।

"व्यवसायी र विदेशी लगानीकर्तालाई केन्द्रित गरेर हामीले लगानी सम्मेलनको तयारी गरेका छौँ", प्रधानमन्त्री दाहालले भने, "नेपालमा विदेशी लगानीलाई सहज बनाउनका लागि केही कानुनसमेत परिमार्जन गरेका छौँ, नेपालमा लगानीका लागि इच्छुक सबैलाई सहयोग गर्ने सरकारको नीति छ।"

नेपालको आर्थिक विकासमा रुसले निरन्तर सहयोग गर्दै आएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले सडक, कृषि, जलविद्युत् र सूचना प्रविधिका क्षेत्रमा लगानीका लागि नेपालमा राम्रो अवसर भएको बताए। नयाँ परिस्थितीमा नेपाल-रुसबीचको सम्बन्ध थप मजबुद हुने विश्वास व्यक्त गर्दै प्रधानमन्त्री दाहालले आपसी सहयोग र सम्बन्धलाई थप विस्तार गर्नुपर्नेमा जोड दिएका थिए।

भेटमा चेम्बर्स अफ कमर्स एन्ड इन्डस्ट्रिज अफ रसियन फेडेरेशनका अध्यक्ष सर्गेयी कटिरिन, नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकाल, नेपालका लागि रसियन राजदूत एलेक्सी नोभिकोभलगायतको उपस्थिति थियो।

मह उत्पादनमा कमी, कृषक निराश

टुडे समाचारदाता

जलेश्वर। यो वर्ष महोत्तरीको जङ्गलबाट मह उत्पादनमा कमी आएको छ। माहुरी कृषकका अनुसार मौसमी प्रतिकूलता, सिकारी चराको प्रकोप र रोगव्याधीले गर्दा मह उत्पादन अनपेक्षित रूपले घटेको छ।

चौतर्फी व्यवधान आइलागेपछि मौरी कृषक समयअगावै घर फर्किएका छन्। चितवनको खैरेनीबाट मेलिफेरा जातका मौरीका घार लिएर आगन्तुक मह कृषक हरेक वर्ष फागुन महिनातिर महोत्तरीको जङ्गल क्षेत्रमा आउने गर्छन्। फागुन महिनादेखि मधेशका गाउँघरमा लिची र सोहिजनका बोट पनि फुल्ने भएकाले मह कृषकको आकर्षण बढेको छ। मह कृषकहरू २०६४ देखि मौरी चराउन महोत्तरी आउने गरेका छन्।

यस पटक चितवनबाट एक हजार आठ सय मौरीको गोला लिएर २० जना कृषक परिवार महोत्तरीको जङ्गलमा भरेको खैरिनीका कृषक सुरेश बस्नेतले बताए। उनका अनुसार विगतको उत्पादनका आधारमा यो वर्ष महोत्तरीको जङ्गलबाट एक हजार आठ सय गोलाबाट दुई करोड १६ लाख मूल्य बराबरका करिब ४३ हजार दुई सय किलो मह उत्पादन हुने लक्ष्य थियो। लक्ष्यको तुलनामा उत्पादन भने १८ हजार किलोमा सीमित भएको उनले बताए । "थोक मूल्य प्रतिकिलो पाँच सय रुपैयाँको दरले यो उत्पादन ९० लाख रुपैयाँ बराबरको मात्र हो," बस्नेतले भने, "उत्पादन घट्दा हामीले एक करोड २६ लाख रुपैयाँ बराबरको घाटा बेहोर्नु पर्‍यो।" गत वर्ष आफू एक्लैको ११७ घार मौरीबाट १५ क्विन्टल बराबर ५० बाल्टिन मह सङ्कलन भएको बस्नेतले विगत सम्झे । यस पटक १९२ घार मौरी ल्याउँदा पनि यही जङ्गलबाट उत्पादन भने २५ बाल्टिन अर्थात् साढे सात क्विन्टल मात्र भएको बताए।

कृषकका अनुसार सुरुमा वन डढेलोले फूलका रस (नेक्टर) सुकाउँदा मह उत्पादन प्रभावित भयो। त्यसपछि लगातार दुई तीन पटक पानी परेकाले मौरीले मनलाग्दी चर्न पाएनन् र उत्पादन घट्यो।

"अघिल्ला वर्षको यही सिजनमा ३/४ पटकसम्म मह निकालेका थियौँ," अर्का मह कृषक अशोक बस्नेतले बताए। समयअगावै मह किसान फर्केपछि सागरनाथ वन विकास परियोजनाको भिक्स (युक्लिप्टस) का जङ्गल र बर्दीबास तथा गौशाला नगरपालिका अन्तर्गतका सोहिजन र लिचीका बगैंचा सुनसान भएका छन्। अघिल्ला वर्ष महोत्तरीका जङ्गलमा जेठ दोस्रो सातासम्म मह सङ्कलन हुने गरे पनि चौतर्फी समस्याले निराश बनेका मौरी कृषक सोमबारदेखि चितवन फर्कन लागेका छन्।

नेकपा एसद्वारा स्थायी कमिटी बैठक आह्वान

टुडे समाचारदाता

काठमाण्डु। नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)ले यही वैशाख २६ गते स्थायी कमिटीको बैठक आह्वान गरेको छ।

महाधिवेशनको तयारी, पार्टी सङ्गठन तथा जनवर्गीय सङ्गठनका कार्य प्रगतिबारे छलफल गर्न बैठक आह्वान गरिएको पार्टीका केन्द्रीय सदस्य मोहन गौतमले जानकारी दिएका छन् । बैठकमा प्रदेश, क्षेत्र र भूगोलको सन्तुलन मिलाएर महाधिवेशन प्रतिनिधि छनोट कार्यविधिबारे छलफल गरिनेछ।

स्थायी कमिटी बैठकले पारित गर्ने राजनीतिक, साङ्गठनिक, विधानसम्बन्धी प्रतिवेदन तथा एजेण्डालाई केन्द्रीय कमिटी बैठकमा पेस गरिनेछ । महाधिवेशन व्यवस्थापनका लागि गठित सबै कमिटीका तयारी, नवीकरण गरिएका सङ्गठित सदस्यका साथै नयाँ सदस्यता अनुमोदनलगायत विषयमा छलफल केन्द्रित हुने बैठकमा सङ्गठन विस्तार तथा पार्टी आधारभूत तहसम्म स्थापित गर्न आवश्यक कार्ययोजनाबारे छलफल हुने नेता गौतमले जानकारी दिए।

आगामी असार १६ देखि २० गतेसम्म काठमाडौँमा राष्ट्रिय महाधिवेशन गर्न लागेको उक्त पार्टीले यही वैशाख १५ गतेभित्र सम्बन्धित सदस्यको शुल्कसहितको नवीकरण कागजात, नामावली विवरण केन्द्रमा पठाउन सबै कमिटी, विभाग, फाँटलाई निर्देशन दिएको छ।

पश्चिमी वायु र स्थानीय वायुको आंशिक प्रभाव

टुडे समाचारदाता

काठमाण्डु । हाल देशमा पश्चिमी वायु र स्थानीय वायुको आंशिक प्रभाव रहेको बताउँदै जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले अहिले पहाडी क्षेत्रमा आंशिक बदली रही बाँकी भूभागमा मौसम मुख्यतया सफा रहेको जनाएको छ।



महाशाखाका अनुसार मंगलबार दिउँसो गण्डकी र कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी भूभागमा आंशिक बदली रही बाँकी भागमा मुख्यतया मौसम सफा रहने छ।

गण्डकी र कर्णाली र सुदूरपश्चिम प्रदेशका केही स्थान तथा बागमती र कोशी प्रदेशका पहाडी भेगका एक-दुई स्थानमा मेघगर्जन र चट्याङसहित हल्का वर्षाको सम्भावना छ । लुम्बिनी, कोशी, मधेस, बागमती गण्डकी र कर्णाली प्रदेशका तराई क्षेत्रका एक-दुई स्थानमा हुरीबतासको सम्भावना रहेको जनाउँदै महाशाखाले ती क्षेत्रका बासिन्दालाई सचेत रहन आग्रह गरेको छ।

त्यसैगरी, मंगलबार राति गण्डकी र कर्णाली प्रदेशका पहाडी क्षेत्रमा आंशिक बदली हुने तथा बाँकी भागका मुख्यतया मौसम सफा रहने छ । कोशी, गण्डकी र कर्णाली प्रदेशका उच्च पहाडी तथा हिमाली भागका एक-दुई स्थानमा हल्का हिमपातको सम्भावना छ। लुम्बिनी प्रदेशका केही स्थानमा हुरीबतासको सम्भावना छ।

गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी भागका साथै कोशी र बागमती प्रदेशका एक-दुई स्थानमा मेघगर्जन र चट्याङसहित हल्का वर्षा हुने सम्भावना छ।

कोशी, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका उच्च पहाडी तथा हिमाली भेगका एक-दुई स्थानमा हल्का हिमपात हुने सम्भावना छ।

मंगलबार अपराह्न र राति लुम्बिनी, कोशी, मधेस, बागमती, गण्डकी र कर्णाली प्रदेशका केही स्थानमा हुरीबतासको सम्भावना रहेकाले त्यस क्षेत्रमा दैनिक जनजीवनलगायत कृषि, स्वास्थ्य, पर्यटन, पर्वतारोहण, सडक तथा हवाई यातायातमा आंशिक असर पर्ने सम्भावना रहेकाले आवश्यक सतर्कता अपनाउन महाशाखाले अनुरोध गरेको छ।

भैरहवा-कतार हवाई उडान सम्झौताका लागि पहल गर्न आग्रह

टुडे समाचारदाता

भैरहवा। नेपाल भ्रमणमा रहेका कतारका अमिरको भ्रमणका अवसरमा भैरहवाको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट कतार एयरवेजको उडान सञ्चालन सम्झौताका लागि पहल गर्न आग्रह गरिएको छ।

विमानस्थल उद्घाटन भए पनि पूर्णरूपमा सञ्चालनमा नआउँदा आर्थिक गतिविधि बढ्न नसकेको भन्दै सरोकारवालाहरूले कतारका अमिरको भ्रमणका अवसरमा भैरहवा-कतार हवाई उडानका लागि पहल गर्न आग्रह गरेका हुन्। सिद्धार्थ उद्योग वाणिज्य सङ्घका अध्यक्ष ठाकुरकुमार श्रेष्ठले कतारका अमिरको भ्रमणका क्रममा हुने द्विपक्षीय छलफलमा भैरहवा-कतार हवाई उडान भर्ने विषयलाई प्राथमिकतामा राखेर छलफल गर्न आग्रह गरे।

"भैरहवाबाट कतारको राष्ट्रिय ध्वजावाहक कतार एयरवेजको उडान भर्न कतारका अमिरको भ्रमण उपयुक्त अवसर हुनसक्छ। त्यसैले यो विषयलाई प्राथमिकताका साथ उठाएर भैरहवा-दोहा उडानका लागि पहल गर्न सरकारसँग हाम्रो आग्रह छ", श्रेष्ठले भने।

सिद्धार्थ होटल एशोसियसनका अध्यक्ष एवं होटल सङ्घ नेपाल (हान) का केन्द्रीय सदस्य चन्द्रप्रकाश श्रेष्ठले पनि सरकारले कतारका अमिरको भ्रमणमा भैरहवा-कतार हवाई उडानको प्रस्ताव राख्न आग्रह गरेका थिए।

राजनीतिक शक्ति एकजुट हुन सभामुखको आग्रह

टुडे समाचारदाता

काठमाण्डु । सभामुख देवराज घिमिरले देशको समृद्धिका निम्ति सबै राजनीतिक शक्ति एकजुट हुनुपर्नेमा आग्रह गरेका छन्।

लोकतन्त्र दिवसका अवसरमा सभामुख घिमिरले मंगलबार जारी गरेको शुभकामना सन्देशमा स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइमा शुभकामना व्यक्त गर्दै नेपालमा विभिन्न समयमा भएका प्रजातान्त्रिक तथा लोकतान्त्रिक सङ्घर्षमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्ने सहिदहरूप्रति श्रद्धाञ्जलि अर्पण गरेका छन्।

"लोकतन्त्रप्राप्तिपछि राजनीतिक व्यवस्थामा परिवर्तन आए पनि जनताको जीवनमा परिवर्तन आउन नसकेको यथार्थ हामीबाट छिपेको छैन, लोकतन्त्रभन्दा राम्रो अर्को शासन व्यवस्था हुन सक्दैन", शुभकामना सन्देशमा भनिएको छ, "यसै कुरालाई हृदयङ्गम गरेर सम्पूर्ण राजनीतिक शक्तिहरू समृद्धितर्फ केन्द्रित हुनुपर्ने आवश्यकता देखेको छु।"

सभामुख घिमिरले लोकतन्त्रले नै अधिकारमुखी, समावेशी र सन्तुलित विकासका लागि आधार प्रदान गर्ने उल्लेख गर्दै सन्देशमा भनेका छन्, "जनमुखी लोकतन्त्र नै वास्तविक लोकतन्त्र हो, यसलाई सार्वजनिक नीति, योजना, कार्यक्रम र तिनको कार्यान्वयनमा उतार्न जरुरी छ, नेपालको लोकतन्त्रको रक्षा र प्रवर्द्धनमा नेपालको संसद्ले विगतदेखि नै उल्लेखनीय भूमिका निर्वाह गर्दै आएको छ।"

विसं २०६२/६३ को आन्दोलनपछि राजाको प्रत्यक्ष र निरङ्कुश शासनको अन्त्य भएको दिनको सम्झनामा २०६५ सालदेखि वैशाख ११ गते लोकतन्त्र दिवस मनाउन थालिएको हो।

विमालेख हरायो

मेरो निम्न ब्यहोरा भएको सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लि.को विमा लेख मिति २०८०/१२/२० गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ।

नाम : सुर्दशन घिमिरे
विमालेख नं.: ३०२००००००१७२
ठेगाना: निजगढ-५, बारा
मो.नं. ९८५५०२४६३२

विमालेख हरायो

मेरो निम्न ब्यहोरा भएको सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लि.को विमा लेख मिति २०८०/१२/२० गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ।

नाम : चिञ्नजीवी घिमिरे
विमालेख नं.: ३०२००००००१६९
ठेगाना: हरिवन-७, सर्लाही
मो.नं. ९८५५०२४६३२

तपाईको आज

पण्डित : ब्रम जी

मेष	: वाद विवादबाट बच्नु।
बृष	: पुरस्कार प्राप्त लाभ।
मिथून	: नयाँ कार्य हुने।
कर्कट	: बौद्धिक क्षमता।
सिंह	: प्रतिभा सम्पन्नता।
कन्या	: शिक्षामा उन्नति।
तुला	: पारिवाहिक सुख।
वृश्चिक	: धन वृद्धि सञ्चय।
धनु	: प्रेम प्रसंग, मित्र सुख।
मकर	: सुख समृद्धि हुने।
कुम्भ	: भ्रमण अवसर हुने।
मीन	: अवसर प्राप्त।

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

बारुण यन्त्र	५२००११
प्रहरी (हण्टीङ्गलाईन)	४२००९९,४२०२९९, १००
एम्बुलेन्स (रेडक्रस)	१०२
एम्बुलेन्स (मेडिकल कलेज)	५२६०९०, ५२६०९१
एम्बुलेन्स (हिमालय युवा क्लब)	९८०४८१५१२६
अञ्चल अस्पताल	५२००३३
जनकपुर सिटी हस्पिटल भानुचोक	५२५०१, ५२५८९९
नेपाल शिक्षक संघ (एम्बुलेन्स)	९८०१६४४४५५,९८५४०२८२९६
जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक	५२५३४१
रक्तसंचार (रेडक्रस)	५२०८७०
ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स)	९८५४०२७४३४
कृष्णा नर्सिङ्गहोम	५२१९१८
विरेन्द्र डेन्टल हेल्थ केयर	५२८४३७
आँखा अस्पताल	५२०३९७
रेडियो टुडे (९१ मेगाहर्ज)	९८०१६२६०२६
एयर पोर्ट	५९००५८, ५९००५२
विद्युत फ्युज शाखा	५९०८३४, ५९०८३५
साह केबुल	५२४७२२
जानकी केबुल	५२३७२८
म्याक्स टीभी	०४१-५९०८९७,९८०१६६८६५२
नगर सेफ्टी टैंक सफाई सेवा	५२१२६२
मुजेलिया प्रहरी चौकी	५२०७५०
सशस्त्र प्रहरी मुजेलिया	५२७२१३, ५२७८००
बुद्ध एयर	५२५०२२
यति एयरलायन्स, शिवचोक	५९०३०१/५९०३०२
होटल मानकी	९८१५८९३५३४, ९८१५८९३३४३
होटल रामा	५२००५९, ५२३८५४
वेलकम होटल	९८०१६२००६५, ९८०१६२००६४
गौतम होटल, बर्दिबास	०४४-५५००३४
जलेश्वर अस्पताल	०४४-५२००७०
प्रहरी (जलेश्वर)	०४४-५२०००९
एम्बुलेन्स (जलेश्वर)	०४४-५२०१००
विद्युत (जलेश्वर)	०४४-५२००६६, ५२०१६६

रत्न सागर मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ५:०० बजे
बिहान पूजा आरती	: ८:०० बजे
भोगराज लाग्ने समय	: ११:३० बजे
निशुल्क अन्न क्षेत्र (दिउँसो)	: १२:०० बजे
मन्दिर बन्द हुने समय	: १२:०० बजे
खुल्ने समय (दिउँसो)	: ४००: बजे
रात्री आरती पूजा हुने समय	: ९:३० बजे
रात्री मन्दिर बन्द हुने समय	: १०:०० बजे

जानकी मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ०५:०० बजे
बिहान पूजा आरती	: ०७:०० बजे
बिहान ढोका बन्द	: १२:०० बजे
अन्न क्षेत्र	: निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय	: ०४:०० बजे
सन्ध्या पूजा आरती:साँझा	: ०७:३० बजे

राम मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ०५:०० बजे
मंगल आरती	: ०७:३० बजे
महाप्रसाद भोग	: १२:०० बजे
दिउँसो ढोका खुल्ने समय	: ०३:३० बजे
सन्ध्या पूजा आरती साँझ	: ०७:०० बजे
रात्रि भोग	: ०९:०० बजे
पट बन्द	: ०९:१५ बजे

सुनसरीको भोक्राहा नरसिंह गाउपालिका-३ शिवगञ्जको शिशौ टोलमा मङ्गलबार भएको आगलागीले क्षतिग्रस्त घरहरु । *तस्बिर : रासस*

लगानी सम्मेलनमा ४८ वटा परियोजना सोकेसमा राखिने

टुडे समाचारदाता

काठमाण्डु।लगानीसम्मेलनमा सरकारी र निजीसमेत गरी कूल एक सय ४८ वटा परियोजना सोकेसमा राखिने भएको छ।

मंगलबार बसेको लगानी बोर्डको ५८औं बैठकले तेस्रो लगानी सम्मेलनमा आशयपत्र आह्वान गरिने, सोकेस गरिने र सम्भावित बजार खोजिने (मार्केट साउन्डिङ) परियोजनाको सूची स्वीकृत गरेको छ। मंगलबारको बैठकले दुई वटा परियोजनामा लगानी थप गर्ने निर्णय गरेको बोर्डका प्रवक्ता प्रद्युम्नप्रसाद उपाध्यायले जानकारी दिएका छन् । ह्वासिन नारायणी सिमेन्ट परियोजनाको लागि रु छ अर्ब ६३ करोड ४० लाख बराबर थप लगानी स्वीकृत भएको छ। डाबर नेपाल प्रालिको लगानी सम्झौताको मस्यौदा तयार गर्न लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृतको संयोजकत्वमा वार्ता समिति गठन गर्ने निर्णय गरेको छ।

डाबर नेपालले क्षमता विस्तार तथा उत्पादन विविधिकरणका लागि रु नौ अर्ब ६८ करोड पुनर्लगानीका लागि प्रस्ताव गरेको छ । उक्त परियोजनाको विस्तृत परियोजना प्रतिवेदन प्राप्त भई बोर्डको मूल्याङ्कन पश्चात् वार्ता प्रक्रिया अगाडि बढाइएको हो ।

बैठकपछि प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले लगानी सम्मेलनलाई औपचारिकतामा मात्र सीमित नबनाई बढीभन्दा बढी नतिजामुखी बनाउन निर्देशन दिएका छन्। स्वदेशी, विदेशी तथा निजी क्षेत्रबाट हुने स्वपूँजी तथा ऋण परिचालनलाई सहजीकण गर्न मन्त्रालयले विशेष एकाइ बनाएर अघि बढ्न प्रधानमन्त्री दाहालले

निर्देशन दिएका हुन्।

सार्वजनिक र निजी क्षेत्रको साझेदारीबाट मात्र मुलुकको समृद्धि हासिल हुने बताउदै प्रधानमन्त्री दाहालले निजी क्षेत्रलाई सुविधा दिन पुरातन सोच र पुरातन नीतिगत तथा कानुनी व्यवस्थाबाट सम्भव नरहेकाले सरकारले लगानीका अवरोध हटाउन कानुन संशोधनको कार्य अघि बढाएको बताए ।बैठकमा लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत सुशील भट्टले अघिल्लो बोर्ड बैठकको निर्णय कार्यान्वयनको अवस्था र तेस्रो लगानी सम्मेलनको तयारीको सम्पूर्ण पक्षको विषयमा जानकारी गराएका थिए।

> मंगलबारको बैठकले दुई वटा परियोजनामा लगानी थप गर्ने निर्णय गरेको बोर्डका प्रवक्ता प्रद्युम्नप्रसाद उपाध्यायले जानकारी दिएका छन् । ह्वासिन नारायणी सिमेन्ट परियोजनाको लागि रु छ अर्ब ६३ करोड ४० लाख बराबर थप लगानी स्वीकृत भएको छ । डाबर नेपाल प्रालिको लगानी सम्झौताको मस्यौदा तयार गर्न लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृतको संयोजकत्वमा वार्ता समिति गठन गर्ने निर्णय गरेको छ ।

एमालेद्वारा उम्मेदवार भण्डारीका बुवाको निधनप्रति दुःख व्यक्त

टुडे समाचारदाता

काठमाण्डु । नेकपा (एमाले)ले बझाङ-१ का प्रदेशसभा सदस्यका उम्मेदवार दमन भण्डारीका बुवा चक्र भण्डारीको असामयिक निधनप्रति दुःख व्यक्त गरेको छ।

पार्टी महासचिव शङ्कर पोखरेलले मंगलबार शोक वक्तव्य जारी गरी बुवा चक्र भण्डारीको निधनले शोकमा पर्नुभएका दमन भण्डारी र सपरिवारमा गहिरो समवेदना व्यक्त गरेका हुन्।

"यही वैशाख १५ गते प्रदेशसभा सदस्यका लागि बझाङ-१ मा हुन गइरहेको निर्वाचनमा उम्मेदवार रहनुभएका कमरेड दमनको निर्वाचन प्रचारको क्रममा बुवाको निधनबाट केही व्यवधान हुन गएको छ", शोक वक्तव्यमा भनिएको छ, "यस विषम परिस्थितिमा चुनाव प्रचारप्रसार तथा मत संरक्षणको क्रममा अझ गम्भीरताका साथ परिचालित हुन सिङ्गो पार्टी पंक्तिलाई हार्दिक अनुरोध गर्दछु।"

बाजुरा जिल्ला कमिटीका अध्यक्षसमेत रहनु भएका भण्डारीका बुवा चक्र भण्डारीको मंगलबार बझाङको छबिस पाथिभेरा गाउँपालिका-१, भण्डारी गाउँमा निधन भएको एमालेले जनाएको छ।

मुलुकमा लगानीमैत्री बातावरण रहेको सन्देश प्रवाह गर्नुपर्ने : प्रधानमन्त्री

टुडे समाचारदाता

काठमाण्डु। प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले देशमा लगानीमैत्री वातावरण रहेको भनेर सन्देश प्रवाह गर्नुपर्ने बताएका छन् । नयाँ वानेश्वरस्थित लगानी बोर्डको कार्यालयमा मंगलबार बसेको बैठकलाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले विकास र समृद्धिका लागि निजी क्षेत्रलाई नियन्त्रण गर्ने नभइ सहजीकरण गर्नुपर्ने बताए।

"निजी क्षेत्रलाई विश्वासमा लिएर विकासको नयाँ मोडेल तयार पार्नुछ", प्रधानमन्त्री दाहालले भने, "निजी क्षेत्रलाई विश्वासमा नलिएसम्म विकास हुँदैन, 'त्यसैले निजी क्षेत्रलाई नियन्त्रण होइन, सहजीकरण गरौं।"

आजको विश्वमा 'विकासलाई नियन्त्रण गर्ने सोच ग्राह्य नहुने बताउँदै उनले विकासलाई प्रोत्साहन गर्ने नीति लिँदा मात्र जनताको चाहनालाई सम्बोधन गर्न सकिने भएकाले त्यसतर्फ लाग्न निर्देशन दिएका थिए। लगानी सम्मेलनलाई सफल तुल्याउनका लागि सबैले सकारात्मक भावमा काम गर्नुपर्ने बताउँदै प्रधानमन्त्री दाहालले लगानी सम्मेलनमा ' इच्छा सूची' प्रस्तुत गर्नेभन्दा पनि ठोस र

व्यवहारिक परियोजना प्रस्तुत गर्नुपर्ने बताए।

"लगानी सम्मेलनमा 'विस लिष्ट' होइन ठोस र व्यवहारिक परियोजना प्रस्तुत गरौं", प्रधानमन्त्री दाहालले भने, "सम्मेलनअघि ऐन संशोधन गरेका छौं, त्यसले लगानी बढाउन मद्दत गर्नेछ, त्यसैले पनि ठोस र व्यवहारिक योजनाहरू दिनुपर्छ, नयाँ सन्देश दिनेगरी सम्मेलन गरौं।"

विकास परियोजनाको कामलाई सरलीकृत गर्नुपर्ने बताउँदै प्रधानमन्त्री प्रचण्डले केही राम्रो गर्न खोज्दा अठ्यारा आए पनि त्यस्ता परिस्थितिलाई राजनीतिक नेतृत्वले तोड्न सक्नुपर्ने बताए।

नेपालमा स्टील उद्योगलाई प्राथमिकता दिनुपर्ने बताउँदै प्रधानमन्त्री दाहालले त्यस्ता उद्योग स्थापनका लागि गम्भीर भएर काम गर्नुपर्नेमा जोड दिएका थिए।

लोकतान्त्रिक प्रणाली सबैभन्दा उत्तम रहेको वक्ताहरुको जोड

टुडे समाचारदाता

काठमाण्डु । सङ्घीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण गरी समुन्नत राष्ट्र निर्माण गर्न लोकतान्त्रिक प्रणाली सबैभन्दा उत्तम रहेको वक्ताहरुले बताएका छन्।

लोकतन्त्र दिवसका अवसरमा परिवर्तन अभियान नेपालद्वारा मंगलबार आयोजित युवा संवादमा कार्यक्रममा वक्ताहरुले लोकतान्त्रिक शासन व्यवस्थामा अनुशासित नेतृत्व र नैतिकता आवश्यक रहने राजनीतिक दलका नेता र जानकारहरुले जोड दिएका हुन् । नेपाल कम्युनिष्ट पार्टी (एमाले) संसदीय दलका सचेतक सुनिता बरालले नेताहरुका जीवनशैली,व्यवहाररकामकारवाहीका आधारमा लोकतन्त्रिक अभ्यास मापन हुने बताईन्।

उनले भनिन्, "सेवाप्रवाहमा नागरिकले लोकतन्त्रको अनुभूति नपाउँदा राजनीतिक नेतृत्वप्रति विभिन्न कोणबाट टिकाटिप्पणी भएको हो।

" देशभित्रका सम्भावनालाई बिर्सिएर विदेश पलायनलाई प्रतिष्ठानको विषय बनाउन नहुने धाराणा राख्दै नेत्री बरालले सरकार र राजनीतिक नेतृत्वले पनि प्रतिबद्धता जनाएका विषय कार्यान्वयन र सम्बोधन गर्न

आवश्यक रहेको बताईन्। उनले उच्च शिक्षा, दक्षता अभिवृद्धि र आर्थिक आयआर्जनका लागि विदेश गएपनि समाज र देशको प्रगति र उन्नतिका लागि स्वदेशमै पसिना बगाउनु पर्ने सुझाव दिएकी थिईन्।

त्यसअवसरमा नेपाली कांग्रेसका युवा नेता प्रदीप पौडेलले अनुशासित नेतृत्व र नैतिकता नभएको लोकतन्त्रले मुलुक र जनताको हित गर्न नसक्ने धारण राखेका थिए। उनले मुलुकको राजनीतिक नेतृत्वले नैतिकताको नजिर बनाउन नसकेको विचार प्रकट गरे।

नेता पौडेलले भने, "जनताको मतबाट वडा सदस्यदेखि राष्ट्राध्यक्षसम्म निर्वाचित गर्ने लोकतान्त्रिक प्रणाली भए पनि सबै क्षेत्रमा लोकतान्त्रिक अभ्यास अबलम्बन भने हुन सकेको छैन।"

कार्यक्रममा प्राध्यापक डा पिताम्बर भण्डारीले लोकतान्त्रिक प्रणाली उच्चतम शासन व्यवस्था भएकाले प्रणालीमा नीति र नेतृत्व नैतिकताको कसीमा रहन आवश्यता रहेको बताए। उनले भने, "नेपालमा लोकतन्त्रलाई सुदृढ तुल्याउने हो भने दलभित्रको सक्रमण अन्त्य हुनुपर्छ।"

समाजका अगुवाकारुपमा रहेका दलका नेता तथा कार्यकर्ता लोकतान्त्रिक मूल्य मान्यताको परिधिभित्र राख्न पर्नेमा जोड दिँदै राजनीतिमा विकृति रहेसम्म लोकतन्त्रका लागि सधैं चूनौती खडा हुने विचार प्रकट गरेका थिए।

जोशीको रिहाइका लागि पहलका लागि कतार अमिरलाई आग्रह

टुडे समाचारदाता

काठमाण्डु । इजराईलमा हमासले बेपता बनाएका नेपाली विद्यार्थी विपिन जोशीको रिहाईका लागि कतारका आमिर शेख तमिम विन हमाद अल थानीसंग राष्ट्रपति रामचन्द्र पौडेलले आग्रह गरेका छन्।

राष्ट्रपति भवन शीतल निवासमा मंगलबार थानीसंग भएको द्विपक्षीय भेटवार्तामा राष्ट्रपति पौडेलले आग्रह गरेको जनाइएको छ । कतारी अमिर राष्ट्रपति पौडेलको मैत्रीपूर्ण निमन्त्रणामा नेपालको दुई दिने राजकीय भ्रमणमा मङ्गलबार अपराह्न नेपाल आएका हुन् । राष्ट्रपति पौडेलले आफूहरूका लागि विपिनको रिहाइ महत्वपूर्ण चासोको विषय रहेको बताएको र रिहाइका लागि कतारका

अमिरलाई पहल गरिदिन आग्रह गरेको राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिएका छन्। गत ७ अक्टोबर २०२३ मा हमासको

> राष्ट्रपति भवन शीतल निवासमा मंगलबार थानीसंग भएको द्विपक्षीय भेटवार्तामा राष्ट्रपति पौडेलले आग्रह गरेको जनाइएको छ ।

आक्रमणमा परी विपिन जोशी बेपत्ता छन्। सो अवसरमा कतारका अमिरले यसबारेमा विगतमा पनि चासो लिएर पहल गरेको र यसबारेमा थप पहल गर्ने पनि बताएका थिए।

त्रिविका शिक्षकलाई वैज्ञानिक लेखन तालिम

काठमाण्डु । काठमाडौं सेन्टर फर रिसर्च एण्ड एजुकेशन (केसीआरइ) को संयुक्त आयोजनामा त्रिविका शिक्षकलाई तथ्याङ्क विश्लेषण र वैज्ञानिक लेखनसम्बन्धी क्षमता अभिवृद्धि तालिम दिइएको छ।

त्रिभुवन विश्वविद्यालय (त्रिवि) जल तथा मौसम विज्ञान केन्द्रीय विभाग तथा चाइनिज एकेडेमी अफ साइन्सेसको संयुक्त पहलमा निर्मित केसीआरइको सक्रियतामा भएको कार्यक्रममा त्रिविका उपकुलपति प्रा डा केशरजङ्ग बरालले व्यावहारिक ज्ञानको निर्माण र समसामयिक चुनौतीलाई सम्बोधन गर्न तथ्याङ्क विश्लेषण र प्रभावकारी वैज्ञानिक कार्यपत्र लेखनको महत्वपूर्ण भूमिका रहनेमा जोड दिनुभयो।

उहाँले अनुसन्धान र उत्कृष्ट लेखनमार्फत विश्वविद्यालय उत्कृष्ट बन्ने बताउनुभयो । उपकुलपति प्रा डा बरालले त्रिविमा कार्यरत प्राध्यापक एवं अध्ययनरत विद्यार्थीलाई विश्वस्तरको शिक्षा र अनुसन्धानका अवसर उपलब्ध गराउनुपर्ने आवश्यकता रहेको धारणा व्यक्त गर्नुभएको थियो । उहाँले तालिमको अवसरलाई अधिकतम सदुपयोग गरी आफ्नो र आफ्नो संस्थाको प्रभावकारिता वृद्धि गर्न सहभागीलाई अनुरोध गर्नुभएको थियो।

अनुसन्धानकर्ता उपप्राध्यापकको क्षमता अभिवृद्धिमार्फत शैक्षिक उत्कृष्टता बढाउन आयोजित तालिममा विज्ञान तथा प्रविधि अध्ययन संस्थानअन्तर्गत कार्यरत उपप्राध्यापक र सहायक प्राध्यापक गरी २५ जनाको सहभागिता रहेको छ।

विज्ञान तथा प्रविधि अध्ययन संस्थानका डीन प्रा डा विनिल अर्यालले विश्वका सबै विधा तथ्याङ्क विश्लेषण एवं वैज्ञानिक लेखनमा केन्द्रित हुँदै गएको र

तथ्याङ्क नै वैज्ञानिक विश्लेषणको महत्वपूर्ण आधार रहेकाले यस प्रकारको तालिमले अनुसन्धानमा महत्वपूर्ण योगदान गर्न सहयोग गर्ने बताउनुभयो।

यस प्रकारका तालिमले राष्ट्रिय एवं अन्तर्राष्ट्रियस्तरका जर्नलमा समेत लेख प्रकाशित गर्न उत्प्रेरित गर्ने र समग्रमा प्राज्ञिक क्षमताको विकास हुने अपेक्षा उहाँले गर्नुभएको थियो । कार्यक्रममा चाइनिज एकेडेमी अफ साइन्सेसको इन्सिच्युट अफ टिवेटियन प्लेटो रिसर्चका उपनिर्देशक तथा काठमाडौं सेन्टर फर रिसर्च एण्ड एकुजकेशन(केसीआरइ)का निर्देशक प्रा.डा. बाइक्विङ सूले दुवै देशको वैज्ञानिक अनुसन्धान तथा शिक्षाको क्षेत्रमा महत्वपूर्ण सहकार्य गर्न निर्मित केसीआरइले त्रिविको समग्र प्राज्ञिक उन्नयनको लागि महत्वपूर्ण सहयोग पुर्याउदै आइरहेको उल्लेख गर्नुभयो।

युवा अनुसन्धानकर्मीलाई अनुदान, विभिन्न तालिमको आयोजना, वैज्ञानिक सम्मेलनको लागि सहयोगलगायतका पक्षमा सहकार्य गरिरहेको उहाँले बताउनुभयो । जल तथा मौसम विज्ञान केन्द्रीय विभागका विभागीय प्रमुख प्रा डा दीपक अर्यालले विभागले निरन्तररुपमा राष्ट्रिय/अन्तर्राष्ट्रिय सहकार्यमा विभिन्न वैज्ञानिक सम्मेलन, गोष्ठी एवं तालिमको आयोजना गर्दै आइरहेको उल्लेख गर्दै युवा उपप्राध्यापकको प्राज्ञिक विकास र क्षमता वृद्धिलाई विशेष प्राथमिकता दिईँदै आइरहेको बताउनुभयो।

कार्यक्रममा जल तथा मौसम विज्ञान केन्द्रीय विभागका सहप्राध्यापक तथा केसीआरइका उपनिर्देशक डा विनोद दवाडीले तालिममार्फत अनुसन्धान र लेखन क्षमताको विकास गर्ने, जर्नल प्रकाशनमा उत्प्रेरित गर्ने र उपप्राध्यापकलाई पुर्नताजगी गर्दै आफूले जानेका विषयलाई निरन्तर अद्यावधिक गर्ने उद्देश्य राखिएको बताउनुभयो।रासस

प्लास्टिक सर्जरीको अवस्था र सुरक्षित अभ्यासबारे गोष्ठी

टुडे समाचारदाता

काठमाण्डु। प्लास्टिक सर्जरीको अवस्था र सुरक्षित अभ्यास बारे काठमाण्डौमा गोष्ठिको आयोजना हुने भएको छ ।नेपाल प्लास्टिक सर्जन सङ्घ (एपसन) र चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पतालको प्लास्टिक सर्जरी सङ्कायको संयुक्त आयोजनामा गोष्ठी हुने भएको हो।

'नेपालमा प्लास्टिक सर्जरीको अवस्था, चुनौती र सुरक्षित अभ्यास' विषयमा यही वैशाख १४ गते गोष्ठी हुने भएको छ। यस गोष्ठीमा नेपालका वरिष्ठ प्लास्टिक सर्जन प्रा डा पियुष दाहाल, प्रा डा शङ्करमान राई, प्रा डा जयनमान श्रेष्ठ र प्रा डा किरण नकर्मीले कार्यपत्र प्रस्तुत गर्नेछ। कार्यक्रमको संयोजन र गोष्ठीबाट प्राप्त निष्कर्षका आधारमा भावी कार्ययोजनाको निर्माण गरिने अस्पतालका सहप्राध्यापक प्लास्टिक सर्जन डा पशुपतिबाबु पोखरेलले जानकारि दिएका छन्

नेपाल खानेपानी संस्थान
शाखा कार्यालय मलंगवा
बोलपत्र रद्द सम्बन्धि सुचना
प्रकाशित मितिः २०८१/०१/१२
यस नेपाल खानेपानी संस्थान शाखा कार्यालय मलंगवाद्वारा मिति २०८०/१२/०४ मा प्रकाशित ठेक्का नं. 05/NWSCMALANGWA/GOODS/NCB/080/081 को बोलपत्र प्राबिधिक त्रुटिका कारण रद्द गर्नुपर्ने भएकोले जानकारीको साथै पुनः सूचना प्रकाशन गरि बोलपत्र आह्वान गरिनेव्यहोरा सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

सम्पादकीय

राजनीति भन्दा अलग नै ठिक

नेकपा एमालेले नेपालमा कम्युनिष्ट स्थापनाको ७५ वर्षको अवसरमा हीरक जयन्ती मनाएको छ । पार्टीको स्थापना दिवसलाई धुमधामका साथ मनाउनु पर्छ । हीरक जयन्तीको अवसरमा वर्ष भरी नै सांगठनिक लगायतका विविध कार्यक्रमहरु हुनु अझ राम्रो हुने थियो । गत वर्ष भारतले हीरक जयन्ती मनाएको थियो । हीरक जयन्तीको अवसरमा भारतमा वर्षभरि नै विभिन्न कार्यक्रमहरु भइरह्यो । त्यसबाट देशवासीलाई जोड्ने र संसारभरि सन्देश फैलाउने काम भयो । नेकपा एमालेले मात्र नभइ अन्य कम्युनिष्ट पार्टीहरुले पनि हीरक जयन्तीको अवसरमा कार्यक्रमहरु गर्नु पर्थ्यो । त्यो आवश्यक थियो । हुनत देशको सबै भन्दा पुरानो र ठूलो लोकतान्त्रिक दल नेपाली कांग्रेसले स्थापनाको हीरक जयन्ती बितिसकेको थाहै पाएन् । हीरक जयन्तीलाई कांग्रेसले अविस्मरणीय बनाउन सकेन् । थोरै भए पनि एमालेले हीरक जयन्ती मनाएर नेपालमा कम्युष्टि स्थापना भएको ७५ वर्ष पूरा भएको सन्देश दियो । त्यसमा देशको दोस्रो राष्ट्रपति विद्या देवी भण्डारीलाई राष्ट्र गौरव विभूषणबाट एमालेले विभूषित गरे । उनी त्यसको हकदार पनि छिन् । राजनीतिको लामो यात्रामा अनेक कष्टकर दिनहरु काट्दै पति वियोगको पीडा सहेर देशको अभिभावकत्व निर्वाह गरिन् । उनको राजनीतिक यात्रा जस्तो कठिन यात्रामा कमै नारीहरु यात्रा गरेकी छन् । उनी देशको पहिलो महिला राष्ट्रपति भएकीले राज्यलेपनि सम्मान गर्नुपर्छ । उनको अबको यात्रा राजनीति भन्दा फरक हुनुपर्छ । लामो समय राजनीति गरेकी भण्डारीले अब दलगत स्वार्थ भन्दा माथि उठेर देशको लागि चिन्तन गर्नुपर्छ । अब उनका लागि कुनै दल र नेता मात्र प्रिय नभइ सिंगो मुलुकका नागरिक समान हुनुपर्छ । करिब दुई कार्यकाल राष्ट्रपति रहेकी भण्डारीलाई एमालेले मात्र होइन्, सबै राजनीतिक दलले विभूषित गर्ने वातावरण बन्नु पर्छ । राजनीतिक मोह छाड्नु आवश्यक छ । उनी राष्ट्रपति भएकै बेला पनि पटक पटक एमालेलाई सघाएको विवादमा परिन् । अब उनी त्यसबाट पूर्ण रुपमा मुक्त हुनुपर्छ । नेपाली कम्युनिष्ट आन्दोलनका धरोहर मदन भण्डारीको हत्या गरिएको आरोप विगतमा धेरै लगाइने गरिन्थ्यो । तर श्रीमती भण्डारी राष्ट्रपति र एमाले अध्यक्ष केपी शर्मा ओली शक्तिशाली प्रधानमन्त्री भएको बेला भण्डारी मृत्युको कारण खोज्न छानविन समिति समेत बनाइएन् । यस्ता कतिपय विषयहरुले एमाले नेताहरु विगतमा लगाउने गरेका आरोपहरुलाई पुष्टि गर्न नसकेको आरोपमा फँसेका छन् । पूर्व राष्ट्रपति भण्डारीले विगतलाई दृष्टिग गरी अब राजनीतिमा सक्रिय हुनु उपयुक्त हुने छैन् ।

"श्री हनुमान जन्मोत्सव"

जनकपुरधामका मठाधिशहरुले दिएनन भव्यता



प्रफुल्ल घिमिरे

यस पटक चैत शुक्ल पुर्णिमा चैतको ११ गते पर्न पुगेको रहिछ। यसै पुर्णिमाका दिन नै रुद्रका ११ औं अवतारको रुपमा हनुमान जि अवतरित भएका हुन। अवतरण भएका यस तिथिमा भगवान श्री हनुमानजिको जन्म जयंती या जन्मोत्सव सनातन धर्मावलम्बीहरु धुमधामका साथ मनाउने गर्छन् । यस दिन सनातनी धर्मावलम्बीहरु व्रत बस्ने, पुजा(पाठ गर्ने , आराधना , भजन किर्तन एवं अष्टजाम , सुन्दर काण्ड पाठ गर्ने गराउने लगायतका अन्य धार्मिक कार्यक्रमहरु गर्ने गर्दछन् । व्रत नबस्नेहरु पनि पवित्र भएर हनुमानजिको मन्दिरमा गई फुल प्रसाद नबैध चढाएर आ(आफ्नो मनोकाँक्षित फल प्राप्तिकालागी आराधना गर्ने गर्छन् । यस दिन प्रत्येक हनुमानजिको मन्दिरमा भक्त जनहरुको असाध्यै नै घुइँचो लाग्ने गर्छ। कतिपय ठाउँमा श्री हनुमानजिको शोभा यात्रा निकालेर यस पवित्र पर्वलाई धुमधामकासाथ मनाउने गरिन्छ । भगवान श्रीरामका परम प्रिय भक्त महाबली हनुमानजिको जन्मोत्सव नेपालमा पनि धुमधामकासाथ मनाउने गरिन्छ। जगत जननी श्री आदिशक्ती महालक्ष्मी श्रीसीताको जन्मथलो, महर्षी राजा सिरध्वज जनकको राजधानी मिथिला नगरी जनकपुरधाममा पनि यो पर्वलाई भव्यताका साथ नै मनाउने गरिएको थियो।

राम नवौमिका दिन नै प्रत्येक घर देखि मठ मन्दिरहरुमा पुजा पाठका साथ महावीरजिका ध्वजा रोपण गरिन्थ्यो। यिनका जन्म जयन्तीका दिन प्रत्येक श्रीरामजानकी एवं श्री हनुमानजिको मठ मन्दिरमा हनुमान चालिसा, सुन्दर काण्ड पाठ हुनुको साथै विभिन्न धार्मिक कार्यक्रमहरु हुने गथ्यी। धार्मिक मान्यता छ कि हनुमानजि श(शरीर यस भु(लोकमा अहिले पनि बिराजमान छन। यिनले भक्तजनहरुको अविलम्ब सारा संकटलाई हर्दछन। भक्ति भावबाट यिनको पुजा गर्नेहरुलाई प्रशन्न भएर यथासिघ्र मनोकाँक्षित फल प्रदान गछ्र्न भन्ने धार्मिक मान्यता रहिआएको छ। दिनहरूमा मंगलबारका दिन हनुमानजिको नाउँमा समर्पित छ। यस दिन अधिकाश हिन्दु धर्मावलम्बीहरुले व्रत बस्ने , पुजा पाठ , एवं हनुमान चालिसा,सुन्दर काण्ड पाठ गर्ने गर्छन । चैत शुक्ल पुर्णिमा हनुमानजिको जन्म दिन भएकोले विषेश महत्व राख्दछ। सारा संसारका संकट हरण गर्नका लागी रुद्रका ११ औं अवतारको रुपमा हनुमानजिले जन्म लिएको धार्मिक मान्यता रहिआएको छ। यसै मान्यताका साथ अन्य देवी देवताका धार्मिक मान्यताहरुलाई आत्मसात गर्दै पौराणिक काल देखि रहिआएको जनकपुर धामका मठ मन्दिर हरुलाई हिन्दु धर्मावलम्बीहरुले अकुत्त जग्गा जमिनहरु प्रदान गरेका थिए । तर समयको कुचक्रले गर्दा मठ मन्दिर हरुका धन(सम्पत्ति ,जग्गा जमिनको लोभमा मठाधिश बन्न पुगेकाहरुले भगवानको नाउँमा रहेका जग्गाहरुलाई बेच बिखन गर्दै सारा सम्पत्तिहरु सिध्याउदै छन । सिध्याउन पट्टी नै मुख्य ध्यान केन्द्रित गरेका छन । जबकि धर्म अनुरागिहरुले जग्गा जमिनबाट आउने आयस्थाबाट पुजा पाठ भोग राग चाड पर्व , साधु(सन्त ,अथिती, स्वागत (सत्कार लगायत आदि धार्मिक कार्यहरु सदा भइ रहोस भन्ने भावनाले भगवान कै नाउमा रैतान नम्बरी गरेर प्रदान गरेका थिए । भगवानका नाउमा रहेको जग्गाहरु पनि भगवानको उपस्थिति बेगर नै व्यक्तिको नाउँमा रैतान नम्बरी भइ रहेका छन। मरेका महन्तहरुको किर्ते कागज तयार पारेर धमाधम अहिलेका तथाकथित अधिकांश मठाधिशहरुले धमाधम बेचिरहेका छन। भगवानको भोग राग ,पुजा पाठ, सेवा सत्कार लगालयत महिमा गरिमामय पर्वहरु जुन पुर्व काल देखि हुँदै आएका थिए ती सारा परम्परागत धार्मिक मान्यताहरुलाई नै समाप्त पार्दै छन । जग्गा जमिन बेचेर कुलेलम ठोक्ने उद्देश्य भएका, मठ मन्दिरलाई नै पुर्ण गृहस्थ आश्रममा रुपान्तरण गरेका, गर्न तर्फ लागेका, तथा मठ मन्दिरलाई नै ध्वस्त बनाउन लागेका , मन्दिरका जग्गा जमिन सिध्याइ सकेका नक्कली , ढोंगी मठाधिशहरुले भगवानको नाउँमा हुने , गर्नुपर्ने, मनाउनै पर्ने चाड पर्व, धर्म संस्कृति यिनिहरुको सरोकारको विषय भित्र नै पर्दैन । गर्नुपर्ने बाध्यात्मक अवस्था भएमा विधि मात्र पुर्याउने गर्दछन । हुनत यहाँका प्रत्येक श्रीराम जानकिका मठ(मन्दिरहरुमा हनुमानजि बिराजमान छन । तापनि श्री हनुमानजिको अलग अलग परापुर्वकाल देखि नै जनकपुरधाममा छुट्टाछुट्टै पौराणिक पुरातात्त्विक एतिहासिक मनोवाँक्षित फल प्रदान गर्ने सिद्ध हनुमानजिका मन्दिरहरु रहेका छन। र वर्तमानमा पनि थुप्रै मन्दिरहरु यहाँ निर्माण भएका छन। पौराणिक मन्दिरहरु लुप्त हुने अवस्थाबाट गुज्रिरहेका रहेका छन भने नयाँ मन्दिरहरुमा भक्तजनको आकार्षण बढदो छ। हुन त यहाँ पौराणिक मन्दिरहरुमा श्रीहनुमानगढी हनुमान मन्दिर वाड न १२, श्री हनुमान मन्दिर वाड न।६ ९ श्रीदशरथ तलाउको पुर्व उत्तर कोण०, श्री पञ्चमुखी हनुमान वाड न।१०९ अरगज्जा पोखरी को पश्चिम दक्षिण कोणमा० , श्रीमनोकामना सिद्ध हनुमान मन्दिर , धनुषा पथ वाड न।११ , श्री हनुमान मन्दिर , पुरानो बसपार्क वाड न ४, र मनोकामना सिद्ध हनुमान दरबार रामानन्द चौकद देखि

उत्तर वाड न।८ , श्री सीताराम हनुमान मन्दिर परौल स्थान वाड न ८ ९ रंगभूमी मैदानबाट रामानन्द चौक जाने मार्गको दक्षिण तर्फ ० लगायतका रहेका छन भने नयाँ निर्मित हनुमानजिका मन्दिरहरुमा श्री संकटमोचन वाड न।९ रंगभूमिको उत्तर पश्चिम कोणमा , श्री १०८ महावीर मन्दिर वाड न।१ रेल्वे स्टेसन , श्री बजरंगवली पंमुखी हनुमान ,वाड न।४ कदम चौक , श्री कालमोचन हनुमान मन्दिर वाड न ८ मध्यमा सरको दक्षिण तर्फको डिलमा, श्री १०८ मनोकामना सिद्ध महाबिर मन्दिर वाड न।५ महाबिर चौक अवस्थित छन। यी मन्दिरहरुमा दिनहुँ तथा विशेष गरेर मंगलबार र शनिबारका दिन भक्तजनहरुको दर्शन गर्न घुइँचो लाग्ने गर्दछ। यतिका हनुमानजिका मठ मन्दिरहरुलाई धर्म अनुरागिहरुले कयौं बिघा जग्गा जमिन तथा साधन स्रोतले सम्पन्न गरि दिएता पनि हनुमान जन्मोत्सव जुन धुमधामका साथ मन्दिरका मठाधिशहरुको आयोजनामा हुनु पर्ने हो सो गरेको पाइएको छैन । तर धार्मिक संस्था गौ संरक्षण मञ्चद्वारा प्रत्येक वर्ष विभिन्न कार्यक्रम गरेर हनुमान जन्मोत्सव मनाउने गरिएको छ। अब आएर हिन्दूवादी संघ संस्थाहरुले पनि हनुमानजिको जन्मोत्सवलाई भव्यताका साथ मनाउनकालागि अग्रसर भएका छन । यसकलागि धन्यवाद दिनै पर्दछ। खैर , प्रसंगमा आऔं हनुमान जन्मोत्सवको ।

संकटमोचनको नाउँबाट प्रसिद्ध रहेका भगवान हनुमानजि सबैभन्दा लोकप्रिय अवतार हुन । राम भक्त हनुमानका थुप्रै पौराणिक कथाहरू प्रचलित रहेका छन । आफ्ना सारा जीवन यिनले भगवान श्रीरामलाई समर्पित गरेका कथाहरुमा पढ्न पाइन्छ। यिनका विरता, साहस , पराक्रम , निष्ठा , बिद्वता , बल, शक्ति एंव स्वामी भक्तिका सन्दर्भमा अनेकौं कथाहरू रामायण ,पभ्म,स्कन्द र वायु आदि पुराणहरु एंव उपासना विषयका अनगिन्ती ग्रन्थहरुमा उल्लेख रहेका कुरा शास्त्रीय विद्वानहरुले बताउने गरेका छन ।

विभिन्न नाउँहरु रहेका केशरी नंदन मारुतिलाई वजरंगबली , अंजनी सुत, पवनपुत्र, संकटमोचन, महावीर , कपीश, शंकर सुवन, महाबल , हनुमान , रामदूत सीताशोक बिनाशन , लक्ष्मण प्राणदाता, ।।।।। लगायतबाट विभूषित हनुमानजिलाई भगवान शिवको ११ औं रुद्र अवतारको रुपमा वर्णन गरिएको छ। यिनका हरेक नाउँका पछाडी केहि न केही रहस्य रहेका छन ।

भगवान श्रीरामका अनन्य भक्तका रुपमा रहेका हनुमानजिको सन्दर्भमा हिन्दूहरुको महान ग्रन्थ रामायण ,महाभारतमा विशेष गरेर तथा अन्य थुप्रै धार्मिक शास्त्रहरु तथा विभिन्न धार्मिक सम्प्रदायका शास्त्रहरुले आ(आफ्नै प्रसंगबाट यिनको महिमा गरिमाको वर्णन गरेका छन।

बल, दृढ संक्ल्प र स्वामी भक्तिको प्रतिनिधित्व गर्ने हनुमानजि निष्ठा , भक्ति, उर्जा र शक्तिका प्रतीक हुन । अजर अमरत्वको वरदान प्राप्त गरेर चिरञ्जीवीका रुपमा यस पृथ्वीमा रहेका अदभूत शक्ति भएका बुराइहरुका सबीच्च विध्वंसक , भक्तहरूको रक्षक , ज्ञानका धनी यिनी एक महान प्रज्ञा पनि हुन । हरेक युग सत्य, त्रेता, द्वापर, कलिमा बिराजमान रहेका यिनी आफ्ना भक्त हरुलाई कृपा गर्ददछन । उनीहरुको सारा संकट मोचन गर्दछन । समस्या हरुलाई निदान गर्दछन। यिनलाई शक्ति , बिरता , बुद्धिमता , र निस्वार्थ सेवाको प्रतिकको रुपमा पूजा गरिने गरिन्छ।

यथासिघ्र प्रशन्न हुने देवताका रुपमा पुजिदैं आएका यिनलाई प्राथना , पूजा (आराधना गर्दा नै प्रशन्न हुन्छन् । मंगलबार र शनिबार यिनको पूजाकोलागी सर्वश्रेष्ठ दिन मानिएको छ। तर हनुमान जन्मोत्सवमा भगवान हनुमानजिको पुजा(आराधनाको विशेष महत्व रहेको छ । मान्यता अनुसार यस दिन बिधि बिधानले महावली हनुमानको पूजा(आराधना, व्रत गर्नाले सबै प्रकारका विघ्र बाधाहरुको अंत हुँदै मनोवांक्षित फलको प्राप्ति हुन्छ। यिनका पथमा हिड्नेहरुलाई कुनै प्रकारका संकट नहुने र जिवनमा खुशियाली छाउने बिश्वास रहिआएको छ। यिनले सबै प्रकारको नकारात्मक प्रभाव एंव प्रलोभनहरुबाट रोक्ने शक्ति राख्दछन ।

हुनत यिनको जन्मोत्सव वर्षमा दुई पटक मनाउने गरिन्छ। चैत शुक्ल पुर्णिमाको बाहेक कात्तिक कृष्ण पक्षको चतुर्दशी तिथिमा पनि हनुमान जंयतीको पर्व मनाउने गरिएको छ। धार्मिक ग्रन्थहरुमा यी दुबै जयंतीका सन्दर्भमा उल्लेख गरिएका छन ।

धार्मिक पुस्तक र कथाहरूमा यसका प्रसंगमा अलग (अलग वर्णन गरेको भेट्टाइन्छ। चैत पुर्णिमामा मनाईने हनुमान जन्मोत्सवको सन्दर्भको पछाडी रोचक कथा रहेको छ। कथा अनुसार एक पटक हनुमानजिले सुर्यलाई फल सम्झेर निलिदिए । हाहाकार मच्यो । इन्द्रले आफ्नो वज्र प्रहार गरे। वज्र हनुमानजिको चिंउडोमा लाग्न पुग्यो। उनी अचेत भए। यो देखेर पवन देव रिसाउन पुगे र सारा जगतका प्राण वायु रोकिदिए। सारा देवी (देवताहरुले यिनलाई मनाए र हनुमानजिलाई नयाँ जिबन दिएर अनेकौं वरदान दिए। यी वरदानहरुमा वृहस्पतिले अभितायुको, इन्द्रले वज्रले हत न हुने , सुर्यले आफ्नो तेज र सम्पूर्ण शास्त्रहरुको विशेषज्ञ हुने, वरुणले पाश र जलबाट अभय रहने ,यमले यमदण्डबाट अवध्य र पाशबाट नाश नहुने , कुबेरले शत्रुमर्दिन गदाबाट निस्शख रहने , शंकरले प्रमत्त र अजेय योद्धाहरुबाट जय प्राप्त गर्ने , विश्वकर्माले मयले बनाएको सबै प्रकारको दुबीध्य र असर्ही ,अस्त्र (शस्त्र तथा यंत्रादीबाट केही पनि क्षति नहुने वरदान दिएका थिए ।

यो समय चैत महिनाको पुर्णिमा तिथि थियो। यसै कारण चैत महिनाको पुर्णिमा तिथिमा उनको जन्म मनाउने गरिन्छ।

वाल्मीकि रामायण तथा अन्य धार्मिक ग्रन्थका अनुसार (कात्तिक शुक्ल पक्षको चतुर्दशी तिथिको मेष लगन र स्वाती नक्षत्रमा मंगलबारका दिन आमा अंजनाको गर्भबाट अंजनेरी पर्वतमा हनुमानजि जन्म भएको उल्लेख गरिएको छ भनिन्छ ।

वृहस्पतिका पुत्र सुमेरुका राजा केशरी यिनका पिता हुन भने आमा अंजना । प्रभू रामको सहायता गर्नकालागी हनुमानजिको जन्म रुद्रको ११ औं अवतारको रुपमा भएको हो । हनुमान भगवान शिवको ११ औं रुद्रअवतार हुन भने राम भगवान बिष्णुका ७ औं अवतार हो भनिन्छ । जब भगवान विष्णुले पृथ्वीलोकमा असुरहरुलाई संहार गर्नकालागी एउटा मनुष्यको रुपमा जन्म लिंदा शिवजी चिंतित भए र बिष्णुलाई सहायता गर्नकालागी ऊनी पनि स्वयं वानर जातिमा हनुमानको अवतार लिएर धरतिमा आएका हुन ।

जसले गर्दा शिवका प्रतिविम्ब रहेका ब्रह्मचर्य हनुमानले आफ्नो जीवन भगवान बिष्णुको प्रतिबिम्ब रहेका राम र महालक्ष्मीका प्रतिबिम्ब रहेका सीताकोलागी समर्पित गरिदिए । यिनले बिना कुनै उद्देश्यले कहिल्यै पनि आफ्नो ताकत , बिरतालाई देखाएनन ।

यिनका जीवन गाथाले मनुष्य जिवनमा ठूलै प्रभाव छाडेको छ । भय(पीडा, नैराश्यता, नकारात्मक सोच (प्रभाव तथा विभिन्न समस्याहरुबाट ग्रसित भएका जेलिएकाहरुकालागी यिनका भक्तिभावले मनुष्यमा एउटा नव उर्जा शक्ति सञ्चार गर्दछ । मनोकांक्षित फल प्राप्तिका मार्गमा डोंयाउन बल प्रदान गर्दछ । साहस , पराक्रम , विरताकालागी जागृत गर्दछ। निष्ठा, भक्ती, समर्पणका लागि अभिप्रेरित गर्दछ। आऔं सबै मिलेर भगवान श्री हनुमानजिको सदा आराधना पुजा पाठ गरौ। यसपाली जे जसो भए पनि आउदो जन्मोत्सव धुमधामका साथ मनाउने सुखद वातावरणको सृजना गरौ। भगवान श्रीहनुमानको जन्मोत्सवको सुखद अवसरमा समस्त जगतको कल्याणकालागी हामी सबै मिलेर प्रार्थना गरौं।अस्तुः

लोकतन्त्र दिवसको सान्दर्भिकता

एकराज पाठक

मंगलबार १८औं लोकतन्त्र दिवस । तत्कालीन राजा ज्ञानेन्द्र शाहले त्यसअघि विगठित संसद्को पुनःस्थापना गरी 'जनताको नासो जनतालाई नै फिर्ता गरेको' र आफू देशको कार्यकारी प्रमुखबाट हटेको घोषणा गरेको विसं २०६१ वैशाख ११ को स्मरण गरी आज लोकतन्त्र दिवस मनाइन्छ । यसरी नेपालमा लोकतन्त्र स्थापना भएको आज १७ वर्ष पूरा भएको छ । आज देशभर १८औं लोकतन्त्र दिवस मनाइँदै छ ।

तत्कालीन राजा ज्ञानेन्द्र शाहले विसं २०६१ माघ १९ गते नेपाल अधिराज्यको संविधान २०४७ मा नभएको व्यवस्थाको 'प्रयोग गरेर' आफू देशको कार्यकारी प्रमुख भएको स्वघोषणा गरी आफ्ना मातहतमा मन्त्रिपरिषद् का दुई जना उपाध्यक्ष राखेर शासन व्यवस्थाको सुरुआत गरेका थिए । नेपाल अधिराज्यको संविधानले राजालाई संवैधानिक हैसियतमा राखेको भए पनि आफूले आफैंलाई मन्त्रिपरिषद्को अध्यक्षका रुपमा घोषणा गरेर कार्यकारी प्रमुखको जिम्मेवारीमा रहेपछि त्यसका विरुद्धमा तत्कालीन राजनीतिक दलहरु आन्दोलित हुन पुगेका थिए । राजनीतिक दलहरु राजाको कदमकाविरुद्ध आन्दोलनमा उत्रिएपछि सरकार दमनमा उत्रियो । त्यसबखत मुलुकमा राजाको विकल्प खोज्नुपर्ने आवाजहरु पनि उठ्न थाले । जसका बाबजुत आन्दोलनको अन्त्यतिर आएर देशबाट राजतन्त्रकै अन्त्यसम्मको नारा घन्किया । आखिर यसै एजेण्डामा आन्दोलनरत दलहरु सहमत भएपछि देशमा लोकतन्त्रको स्थापना भएको हो ।

राजाको प्रत्यक्ष शासनको अन्त्य भई नयाँ नेपाल निर्माणका लागि राजनीतिक दलहरुले अघि बढाएको खाकालाई अन्तिम रुप दिएको यस दिनलाई नयाँ तथा सुनौलो नेपाल निर्माणको सुरुआती दिनका रुपमा पनि वैशाख ११ लाई लिन सकिन्छ । त्यस समयमा सात राजनीतिक दल र तत्कालीन विद्रोही नेकपा माओवादीसमेतको सहभागितामा २०६२/६३ को जनआन्दोलन थप सशक्त बन्दै गयो । तत्कालीन सात राजनीतिक दलकातर्फबाट नेपाली काग्रेसका सभापति गिरिजाप्रसाद कोइराला र नेकपा माओवादीकातर्फबाट सो पार्टीका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'बीच दिल्लामा भएको १२ बुँदे बृहत् सम्झौताले माओवादीहरु सशस्त्र विद्रोहको बाटो त्यागेर शान्तिपूर्ण राजनीतिमा आउने सहमति भएको थियो ।

पछि सोही सहमतिअनुसार नै मुलुकमा राजनीतिक आन्दोलन भयो र अन्ततः विसं २०६२/६३ को जनआन्दोलनका बलमा राजा पछि हट्न बाध्य भए र आन्दोलन सफल भयो । राजाले आफू देशको कार्यकारी प्रमुखका रुपमा नरहेको घोषणा गरी नयाँ सरकार गठनका लागि राजनीतिक दलहरुलाई आह्वान गरे । यसरी यो दिनलाई आजसम्मका उपलब्धिहरुको जग बसाल्ने दिनका रुपमा लिन सकिन्छ । वैशाख ११ लाई मुलुकमा गणतन्त्रको स्थापनाका लागि बिजारोपण गर्ने दिनका रुपमा पनि लिन सकिन्छ ।

यता राजा ज्ञानेन्द्रले संवैधानिक राजतन्त्रको दायरालाई नाघेर आफू नै देशको कार्यकारी प्रमुख भएको स्वघोषणा गरी राजनीतिक दलहरुलाई मुलुकको अस्थिरताको जडका रुपमा अपव्याख्या गरेका थिए भने उता देशमा करिब १० वर्षदेखि नेकपा माओवादीको सशस्त्र द्वन्द्व जारी थियो । त्यसैले राजाको तत्कालीन व्यवस्थाको अन्त्यका लागि मात्र नभएर मुलुकबाट राजतन्त्रको अन्त्य गरी गणतन्त्र नेपाल स्थापनाको मुख्य मागका साथ विद्रोहमा रहेको नेकपा माओवादी शान्ति प्रक्रियामा आउने अवसर पनि यही ऐतिहासिक जनआन्दोलनको सफलताले जुराएको थियो भन्न सकिन्छ । त्यसैले आजको दिनको महत्व आजका राजनीतिक उपलब्धिहरु हासिल गर्न तथा गणतन्त्र नेपाल स्थापना गर्नसम्म रहेको सबैले बुझ्नु पर्दछ ।

सबै राजनीतिक दलहरुको सहमतिबमोजिम नै पुनःस्थापित प्रतिनिधिसभाको जेठ ४ गते बसेका बैठकले मुलुकमा राजसंस्थाको जारी भूमिकाको निलम्वन गरेको थियो । तत्पश्चात् मुलुकको कार्यवाहक राष्ट्राध्यक्षको अधिकार समेत तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई प्रदान गर्ने ऐतिहासिक निर्णय पनि गरेको थियो । यसरी विसं २०५९ जेठ ८ मा विगठन भएको संसद् आन्दोलनरत राजनीतिक दलहरुको मार्गचित्रबमोजिम विसं २०६३ वैशाख ११ गते पुनःस्थापना भएपछि त्यसको अर्को वर्षदेखि नै देशभर लोकतन्त्र दिवस मनाउन थालिएको हो ।

विसं २०६३ जेठ ४ गतेको संसद्ले राजसंस्थाको भूमिकालाई निलम्बन गरी माओवादीलाई शान्ति प्रक्रियामा ल्याई संविधानसभा निर्वाचन गर्ने सङ्कल्प प्रस्ताव पनि पारित गरेको थियो । यसैको जगमा २०६४ साल चैत २८ गते पहिलो संविधानसभा निर्वाचन भयो । संविधानसभाको २०६५ जेठ १५ गते बसेको पहिलो बैठकले २४० वर्ष पुरानो राजसंस्थाको विधिवत् अन्त्य गर्‍यो । अब देशमा नयाँ राजनीतिक प्रणालीको सुरुआत भयो र मुलुकको राष्ट्रप्रमुखमा अब राष्ट्रपति हुने व्यवस्था भयो । देशको पहिलो राष्ट्रपतिमा डा रामवरण यादव निर्वाचित हुनुभयो ।

यता देशका राजनीतिक दलहरुकासामु एउटा गहन जिम्मेवारी भने थाँती नै थियो । संविधानसभामार्फत नयाँ संविधानको निर्माण गर्ने र देशलाई दिगो रुपमा नै लोकतान्त्रिक सङ्घीय गणतन्त्रको मार्गमा पुऱ्याउने सो जिम्मेवारीका लागि संविधानसभा पहिलो पटकमै भने सफल हुन सकेन । सो संविधानसभाले संविधान निर्माण गर्न नसकेपछि विगठन भयो र पुनःसंविधानसभाको अर्को निर्वाचन भयो । जनताले निकै दबाब दिए । यतिका ठूलो आन्दोलन गरेर संविधानसभाको निर्वाचन सम्पन्न गरे पनि एउटा संविधान लेख्न नसक्ने भनी दलहरु र संविधानसभाका सदस्यहरुको व्यापक आलोचना र दबाबको अवस्था जनताले सिर्जना गरेपछि विसं २०७० मङ्सिर ४ गते सम्पन्न दोस्रो संविधानसभा निर्वाचनबाट निर्वाचित सभाले संविधान निर्माण गरेको हो ।

यसरी विसं २०७२ असोज ३ गते सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी भयो । नेपालमा संविधानसभाको निर्वाचनमार्फत नेपाली नागरिकले नै आफ्ना जनप्रतिनिधि छानेर उनीहरुको सहभागितामा निर्माण भई जारी भएको यो पहिलो संविधान हो ।

भाषामा लोकतन्त्र या प्रजातन्त्र जे भने पनि नेपालमा लोकतन्त्र त पहिले पनि दुई पटकसम्म आएकै हो । जहानियाँ राणा शासनको अन्त्यका लागि नेपाली जनताले गरको क्रान्तिको परिणामस्वरुप २००७ सालमा पनि नेपाली नागरिकले राणाशासनबाट मुक्ति र प्रजातिन्त्रक व्यवस्थाको प्राप्ति गरेका हुन् । त्यो व्यवस्था पनि विसं २०१७ को पुस महिनामा राजा महेन्द्रले निलम्वन गरेका थिए । नेपाली जनता आफ्ना जनप्रतिनिधि छान्न आम निर्वाचनमा सहभागी भए र पहिलो पटक निर्वाचनमार्फत् आफ्ना प्रतिनिधि पनि छान्ने अवसर पाए । तर राजा महेन्द्रले मुलुकको पहिलो जननिर्वाचित प्रधानमन्त्रीलाई नै जेलमा हालेर आफैं मुलुकको कार्यकारी प्रमुख रहेको घोषणा मात्र गरेनन्, नयाँ राजनीतिक प्रणालीसहितको नयाँ व्यवस्था पञ्चायती व्यवस्थाको सुरुआत पनि गराए ।

त्यो व्यवस्था देशमा ३० वर्षसम्म रह्यो । पुनःदेशमा जनआन्दोलन भयो र आन्दोलनमार्फत २०४६ मा राजाको सक्रिय व्यवस्था रहेको प्रावधान हटाएर नेपाल अधिराज्यको संविधान, २०४७ ले संवैधानिक भूमिकाको राजतन्त्रको व्यवस्था गर्यो । पछि फेरि यसमाथि पनि राजा ज्ञानेन्द्रले स्वघोषित कार्यकारी प्रमुखको अभ्याससम्म लगे । त्यसलाई पनि नेपाली जनताले हटाए र अहिलेको गणतन्त्र नेपाल सम्भव भयो । त्यसैले आजको दिनको सान्दर्भिकता भनेको अरु ऐतिहासिक आन्दोलनकोभन्दा फरक छ भन्न सकिन्छ ।

यही दिनको जगमा उभिएर आज मुलुकमा धेरै ठूला परिवर्तनहरु भएका छन् । देश सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा छ । सङ्घीय शासन व्यवस्थाको अभ्यास देशले गर्दैछ । पहिले सिंहदरबारमा केन्द्रित रहेको नागरिक अधिकार अहिले जनताको घरघरमै पुगेको छ । सरकार खोज्न नेपाली जनता अब सिंहदरबार नै धाउनुपर्ने छैन, घरआँगनमै पुगेको छ । जनतासँग अहिले दुई तहका सरकार छन् प्रदेश सरकार र स्थानीय सरकार । पहिले जनताका घरआँगनसम्म, उनीहरुका दुःख अप्ठ्यारोसम्म सिंहदरबारको आँखा नपुगेको प्रणालीगत गुनासाहरुको सम्बोधन अहिले जनताका घर आँगनकै सरकारले गर्नसक्ने भएका छन् । यो पनि लोकतन्त्रकै उपलब्धि हो । शासकीय संरचना र प्रणालीमा नेपाल पनि सङ्घीयताको राम्रो मोडलका रुपमा स्थापित भइसकेको छ ।

व्यवस्था र प्रणाली त छ तर ती सरकारका अभ्यासहरु जनकेन्द्रित हुनु जरुरी छ । जननताले आफ्ना घर आँगनका सरकारबाट के-कस्ता फाइदा लिन सकिरहेका छन् भन्ने कुराको मापन पनि नागरिकले गरिरहेकै छन् । आफैंले सङ्घर्ष गरेर ल्याएको लोकतन्त्रको जगमा उभिएर प्राप्त भएका यी शासकीय उपलब्धिहरुप्रति जनताले अपनत्व महसुस गर्न कसरी पाएका छन् ? उनीहरुले आफैंले चाहेर ल्याएको आफ्नो व्यवस्थाका रुपमा यसलाई अङ्गीकार गर्न सकिरहेका छन् कि छैनन् ? आजका दिनमा यो अवस्थाको पनि मूल्याङ्कन गर्नुपर्दछ ।

शासन व्यवस्था हामीले संसारकै उत्कृष्ट ल्याएका छौं । नागरिकलाई राजनीतिक स्वतन्त्रता प्राप्त छ र स्वतन्त्रताको उययोग उपभोग उनीहरुले गरिरहेका छन् । कुनै पनि राजनीतिक व्यवस्था या प्रणालीको प्राप्ति एवं फेरबदल जनताको जीवनस्तरमा सुधार ल्याउन, उनीहरुका इच्छा अकाङ्क्षा पूरा गरेर देशको विकास गरी समृद्ध राष्ट्र बनाउनु नै हो । यी काम यो व्यवस्थामा भएको छ कि जनतामा निरासा बढेको छ ? यस विषयको खोजी र मनन् पनि लोकतन्त्र दिवसको सान्दर्भिकता हो ।

'स्थिरता र समृद्धिका लागि 'मिसन ८४' लाई लक्ष्य बनाएका छौं'

काठमाण्डु । देश विकासका लागि सत्ता परिवर्तन भइराख्नु राम्रो हुँदैन भन्ने हामी सबैले बुझेकै हो । व्यक्तिगत स्वार्थभन्दा पनि राष्ट्रको हितका लागि सबैले सोच्नुपर्छ । राजनीतिकर्मी होस् वा नागरिक सबैले यो तरिकाले सोच्नुपर्ने हो । स्थिर सरकार नभएकाले नै कानुन निर्माणमा अप्ठ्यारो भएकाले हामी 'मिसन ८४' को साथ अघि बढिरहेका छौँ ।

सरकार छिटोछिटो परिवर्तन भएकाले नै संसदीय अभ्यास पनि राम्रो हुन सकेको छैन । थुप्रै ऐन कानूनहरु बन्नै बाँकी छन् । कानून निर्माण प्रक्रियामा ढिलासुस्ती भएको छ । कानूनी राज्य स्थापित गर्नमा सरकारको भूमिका महत्वपूर्ण छ तर सरकार परिर्वतन मात्र भएकाले हुन सकेको छैन । सत्ता परिवर्तन खेलकै कारणले कमजोरी देखिएको छ । काम गर्ने माहोल जुन बन्नुपर्ने हो, त्यो हुन सकेको देखिँदैन । जसरी संविधान सबै दलहरुले मिलेर बनाएका छन्, त्यसरी नै संसदमा पनि मिलेर प्रस्तुत हुन सकेको देखिँदैन । कानून बनाउनमा सबैजना मिलेर जानुपर्छ । सबै पार्टी मिलेर देश विकासमा गम्भीर भएर लाग्नुपर्छ । विकास निर्माणमा भन्दा पनि कानून निर्माणमा सांसदहरुको भूमिका बढी हुनुपर्छ ।

मेरो क्षेत्रमा विशेषगरी सिँचाइको समस्या छ । स्थानीयवासीले खेती किसानीका लागि मलखाद तथा बिउबिजन समयमा पाइरहेका हुँदैनन् । छिमेकी राष्ट्र भारतको सबैभन्दा नजिकको सीमाना कृष्णनगरमा सरकारको ध्यान जान सकेको छैन । त्यहाँबाट धेरै पर्यटकहरु आउन सक्छन् । रेलवे स्टेशन नजिकै छ । त्यहाँ न अध्यागमन विभाग छ, न सुख्खा बन्दरगाहको व्यवस्था नै । यसले गर्दा त्यो प्रदेश नै विकासबाट बञ्चित जस्तो देखिन्छ । यस विषयमा मैले पटक-पटक सदनमा पनि उठाउँदै आएको कुरा हो । यो विषय उक्त क्षेत्र तथा प्रदेशको लागि मात्र होइन, राष्ट्रको लागि पनि महत्वपूर्ण कुरा हो ।

युवाहरुको विदेश पलायन अहिलेको अवस्थामा निकै गम्भीर समस्या हो । युवा पलायन राष्ट्रका लागि पक्कै राम्रो होइन । युवाहरुलाई विदेसिनबाट रोक्न सरकारले उत्पादनमूलक तथा विकासका कार्यक्रम ल्याउनुपर्छ । यसपालि उत्पादनमूलक कार्यक्रमहरु समेटेर बजेट आउने भन्ने विश्वास पनि लिएका छौँ ।

हामी नेपालीहरुमा रहेको सबै काम छिटो भइहाल्नुपर्ने प्रवृत्तिले गर्दा पनि नियम तथा कानून पनि पालनातर्फ गम्भीरता देखाएको पाइँदैन । यसमा सरकार, राजनीतिक दलहरु मात्र नभई नागरिकहरुले पनि दायित्वबोध गर्नुपर्छ । राष्ट्र बनाउनेमा सरकारको मात्रै नभएर नागरिकको पनि उत्तिकै भूमिका हुन्छ । देशको समृद्धि नहुनुको मुख्य बाधा भनेको भ्रष्टाचार हो । यसको न्यूनीकरण गर्नु सबैको दायित्व हो । देश विकासका लागि भ्रष्टाचारलाई जसरी पनि हटाउनै पर्नेछ । त्यसैले कुनै ठाउँमा भ्रष्टाचार वा विकृति देखिएको छ भने त्यसलाई रोक्ने जिम्मा सबैको हो । भ्रष्टाचार गरेको कहीँ कतै देखिए सम्बन्धित निकायलाई खबर गरिहाल्नुपर्छ ।

म जुन पार्टीबाट प्रतिनिधित्व गर्छु त्यसको नेतृत्व केपी ओली शर्माले गर्नुभएको छ । उहाँप्रति जनताको ठूलो विश्वास छ । अहिले पनि गर्न सक्ने नेताको रुपमा उहाँ हुनुहुन्छ । देशलाई समृद्ध बनाउने कुरामा उहाँमा स्पष्ट 'भिजन' र आँट दुबै छ । त्यसैले स्थिरता र समृद्धिका लागि हामीले 'मिसन ८४' लाई प्रमुख लक्ष्य बनाएर अघि बढेका छौँ ।

सराज अहमद फारुकी नेपाल कम्युनिष्ट पार्टी (एमाले) का प्रतिनिधिसभा सांसद हुनुहुन्छ । उहाँले पार्टीको गाउँ कमिटीदेखि जिल्ला कमिटी हुँदै केन्द्रीय सदस्यसम्मको भूमिका निर्वाह गरिसक्नुभएको छ ।रासस

नेपाल र कतारबीचका महत्वपूर्ण द्विपक्षीय सम्झौताहरु

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलको निमन्त्रणामा कतारका अमिर शेख तमिम बिन हमाद अल थानी मंगलबारदेखि नेपालको दुईदिने राजकीय भ्रमणमा आएका छन् । नेपालले लगानी सम्मेलन आयोजना गर्न लागेको पूर्वसन्ध्यामा भएको अमिर शेख थानीको भ्रमणले अन्तर्राष्ट्रियस्तरमा पनि नेपालबारे सकारात्मक सन्देश जाने अपेक्षा गरिएको छ ।

मन्त्रिपरिषद्को यही वैशाख ६ गतेको बैठकले अमिर शेख थानीको नेपालको राजकीय भ्रमण कार्यक्रम स्वीकृत गर्ने, कतारी पक्षसँग हुने वार्ताको नेतृत्व प्रधानमन्त्रीले गर्ने तथा विभिन्न द्विपक्षीय सम्झौताका लागि सहकार्यसम्बन्धी समझदारीपत्रलाई स्वीकृत गरेको थियो ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माका अनुसार नेपाल र कतारबीच युवा तथा खेलकुद क्षेत्रमा सहकार्यसम्बन्धी समझदारीपत्र र शिक्षा तथा वैज्ञानिक अनुसन्धानका क्षेत्रमा हुने सहकार्यसम्बन्धी समझदारीपत्र स्वीकृत गर्ने निर्णय मन्त्रिपरिषद्ले गरेको छ ।नेपाल र कतारबीच सन् १९७७ जनवरी २१ मा कूटनीतिक सम्बन्ध स्थापना भएको थियो । नेपालले सन् २००० जुलाई ११ मा दोहामा राजदूताबास स्थापना गरेको थियो भने कतारले काठमाडौँमा आफ्नो राजदूतावास सन् २०११ अगस्टमा स्थापना गरेको थियो । त्यसभन्दाअघि कतारको दिल्लीस्थित दूतावासले नेपाल मामिला पनि हेर्ने गर्थ्यो ।

नेपाल र कतार दुवै संयुक्त राष्ट्रसङ्घका सदस्य राष्ट्र र असंलग्न आन्दोलनका पक्षधर हुन् । शान्ति, सुरक्षा तथा विकासका क्षेत्रमा सहकार्यका लागि विभिन्न अन्तर्राष्ट्रिय तथा क्षेत्रीय सङ्गठनहरुमा यी दुवै राष्ट्रहरु सदस्यका रुपमा छन् ।दुई देशबीच विभिन्न क्षेत्रगत सहकार्यका लागि सम्झौताहरु भएका छन् । तत्कालीन परराष्ट्रमन्त्री रमेशनाथ पाण्डेको भ्रमणका क्रममा सन् २००५ मार्च २१ मा नेपालले कतारसँग श्रम सम्झौता गरेको थियो । सन् २०२१ डिसेम्बर २ र ३ मा काठमाडौँमा सम्पन्न भएको दुई देशका श्रममन्त्रीस्तरीय संयुक्त कमिटीको चौथो बैठकले सन् २००५ मा भएको श्रम सम्झौतालाई पुनरावलोकन गर्ने सहमति जुटाएको थियो ।

यद्यपि हालसम्म उक्त सम्झौता पुनरावलोकन हुन सकेको छैन । दुई देशबीच सन् २००५ मा आर्थिक, व्यापारिक तथा प्राविधिक सहकार्यसम्बन्धी सम्झौता पनि भएको थियो । सन् २००७ मा नेपालले कतारसँग दोहोरो करमुक्ति सम्झौता गरेपछि त्यहाँका लगानीकर्ताले नेपालका कृषि, पूर्वाधार, ऊर्जालगायत विभिन्न क्षेत्रमा लगानी गरेका छन् ।नेपाल र कतारबीच द्विपक्षीय हवाई सेवा (नागरिक उड्डयन)सम्बन्धी सम्झौता सन् २००२ जुलाइ ८ मा सम्पन्न भएको थियो । त्यस्तै दुई देशबीच पर्यटन प्रवर्द्धनका लागि पर्यटन क्षेत्रमा सहकार्य सम्बन्धी सम्झौतापत्रमा सन् २०११ मा हस्ताक्षर भएको थियो ।

दुई देशका निजी क्षेत्रबीच पनि सहकार्य हुँदै आएको छ । नेपाल चेम्बर अफ कमर्स र कतार चेम्बर अफ कमर्सले सन् २०१८ मा दुईपक्षीय सहकार्यसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर गरेका थिए । त्यसैगरी, कतारको मुख्य बैंकमध्ये एक दोहा बैंकले सन् २०१८ डिसेम्बरमा काठमाडौँमा सम्पर्क कार्यालय खोलेको थियो । नेपालका उद्यमीहरु कतारमा सङ्गठितसमेत भएका छन् । सन् २०२१ मार्चमा कतार वित्तीय प्राधिकरण (कतार फाइनान्सियल अथोरिटी) मा 'नेपाली विजनेस एशोसिएसन कतार' नाममा नेपालीहरु सङ्गठित भएर संस्था दर्ता भएको थियो ।

कतार बेलायतबाट सन् १९७१ मा स्वतन्त्र भएको मुलुक हो । स्वतन्त्र हुनुअघि कतारले आफ्नो अस्थायी संविधान लागू गरिरहेकामा औपनिवेशिक स्वतन्त्रतापछि उक्त संविधानलाई थप संशोधन र परिस्कृत गरी कार्यान्वयनमा ल्याएको थियो । कतारको शासकीय व्यवस्था, कानुन प्रणाली, कार्यकारी अधिकार तथा शासनको उत्तराधिकारीलगायत महत्वपूर्ण विषयहरु समेटेर सन् १९९९ मा स्थायी संविधानको मस्यौदा निर्माणका लागि समिति गठन गर्न अमिरी आदेश जारी गरियो । कतारले सोही वर्ष अर्थात् सन् १९९९ मा पहिलोपटक केन्द्रीय नगर परिषद्को चुनाव गरेको थियो । यसलाई लोकतन्त्रप्रतिको पहिलो कदमका रुपमा कतारले लिँदै आएको छ ।

विभिन्न समयमा दुवै देशबाट उच्चस्तरीय भ्रमणहरु भएका छन् । नेपालका प्रथम राष्ट्रपति डा रामवरण यादवले सन् २०११ को अक्टोबरमा कतारको औपचारिक भ्रमण गर्नुभएको थियो । तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले सन् २०१८ को अक्टोबर ३० देखि नोभेम्बर २ सम्म कतारको राजकीय भ्रमण गर्नुभएको थियो ।

सन् २०२२ मार्च २१ देखि २३ गतेसम्ममा नेपालका तत्कालीन श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठ कतार भ्रमणमा जानुभएको थियो । त्यसैगरी, सन् २०१९ नोभेम्बर २० देखि २२ गतेसम्म तत्कालीन शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरीराजमणि पोखरेलले कतारको भ्रमण गर्नुभएको थियो । तत्कालनी सभामुख कृष्णबहादुर महराले सन् २०१९ अप्रिल ६ देखि १० गतेसम्म कतार भ्रमणमा जानुभएको थियो । तत्कालीन उपप्रधान एवं स्वास्थ्य तथा जनसंख्यामन्त्री उपेन्द्र यादवले सन् २०१८ नोभेम्बर १३ देखि १४ कतार भ्रमण गर्नुभएको थियो ।

नेपाल र कतारबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ४० वर्ष पुगेका अवसरमा सन् २०१७ जनवरीमा तत्कालिन परराष्ट्रमन्त्री प्रकाशशरण महत कतारको आधिकारिक भ्रमणमा जानुभएको थियो । त्यस्तै तत्कालीन उपप्रधान तथा गृहमन्त्री वामदेव गौतमले सन् २०१५ अप्रिल ११ देखि १४ गतेसम्म भ्रमण गर्नुभएको थियो ।

कतारकातर्फबाट नेपालमा भएका उच्चस्तरीय भ्रमणहरुमा सन् २०१५ अप्रिल ४ देखि ७ गतेसम्म कतारको श्रम तथा सामाजिक मामिलामन्त्री डा अब्दुल्लाह विन सलेह मुबारक अल-खुलाफी नेपाल भ्रमणमा आउनुभएको थियो । कतारका वातावरणमन्त्री अब्दुल्लाह विन मुवारक विन अबुद अल-मिधाधीले सन् २०१२ अप्रिल ५ देखि ९ गतेसम्म नेपाल भ्रमणमा आउनुभएको थियो । कतारका वैदेशिक मामिला मन्त्री शेख हमाद विन जसिम विन अल थानी सन् २००९ मा नेपाल भ्रमणमा आउनुभएको थियो ।

कतारको योजना तथा तथ्याङ्क प्राधिकरण (प्लानिङ) एन्ड स्टाटिस्टिक अथोरिटीको तथ्याङ्कअनुसार कतारको जनसंख्या २०२४ मार्च महिनासम्ममा ३१ लाख १९ हजार पाँच सय ८९ बराबर छ । जसमध्ये पुरुषको जनसंख्या २२ लाख १२ हजार चार सय ६८ र महिलाको सत्या नौ लाख सात हजार एक सय २१ बराबर छ । कतारमा आर्थिकरुपमा सक्रिय जनसत्या करिब ८७ प्रतिशत हाराहारी छ ।

कतारले सन् २०२३ को पहिलो त्रैमास अवधिसम्ममा गरेको श्रमशक्ति नमुना सर्वेक्षण (लेबर फोर्स स्याम्पल सर्भे) अनुसार कतारमा शून्य दशमलव एक प्रतिशत हाराहारीमा मात्रै बेरोजगारी रहेको छ ।कतार प्रतिव्यक्ति आय बढी भएका मुलुकको शीर्ष स्थानमै पर्दछ । कतारको प्रतिव्यक्ति औसत आय अमेरिकी डलर एक लाख १४ हजार हाराहारी छ । अन्तर ष्ट्रिय मुद्रा कोषका अनुसार अमेरिकी डलर दुई खर्ब २४ अर्ब ६९ करोड अमेरिकी डलर बराबर रहेको छ ।

नेपाल र कतारबीचको वैदेशिक व्यापारको क्षेत्र पनि विस्तारै बढ्दै गएको छ । भन्सार विभागको तथ्याङ्कअनुसार चालु आर्थिक वर्ष २०८०/८१ को चैत मसान्तसम्ममा रु एक अर्ब ५३ करोड ५१ लाख ६७ हजार बराबरको आयात र रु नौ करोड १९ लाख बराबरको निर्यात भएको छ । नेपालको चिया, कफी, पिउने पानी, मसला, अलैंची, कतारमा निर्यात हुने गरेका छन् भने कतारबाट धुलो दूध, मह, काजुलगायत ड्राइफ्रुट, कफीलगायत वस्तुको बढी आयात बढी हुने गरेको छ ।रासस

राष्ट्रपति पौडेल र कतारका अमिर अल थानीबीच भेटवार्ता

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले जलवायु परिवर्तनबाट पृथ्वीलाई सुरक्षित राख्ने, हिमाललाई जोगाउने, पानीको स्रोत बचाउने र वातावरण सन्तुलन राख्नेजस्तो साझा चासोको मुद्दामा सहकार्यका लागि कतारलाई आग्रह गर्नुभएको छ ।

राष्ट्रपति पौडेलको मैत्रीपूर्ण निमन्त्रणामा नेपालको दुई दिने राजकीय भ्रमणमा मङ्गलबार अपराह्न यहाँ आउनुभएका कतारका अमिर शेख तमिम विन हमाद अल थानीसँग राष्ट्रपति भवन शीतल निवासमा भएको द्विपक्षीय भेटवार्ताका अवसरमा उहाँले यस्तो बताउनुभएको हो ।

"आजको विश्वको साझा समस्या भनेकै जलवायु परिवर्तनबाट हाम्रो पृथ्वीलाई कसरी सुरक्षित राख्ने, हाम्रो हिमाललाई कसरी जोगाउने, पानीको स्रोत कसरी बचाउने र वातावरण सन्तुलन कसरी राख्ने भन्ने नै हो, यसमा सबैको सहकार्य हुन जरुरी छ, यो मानव अस्तित्वको विषय छ, विशेष गरी विकसित मुलुकहरू यस विषयमा बढी गम्भीर हुनुपर्छ भन्ने म ठान्दछु", राष्ट्रपतिको भनाइ उद्धृत गर्दै उहाँका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिनुभयो ।

उहाँका अनुसार राष्ट्रपति पौडेलले मध्यपूर्वी क्षेत्रमा देखिएको द्वन्द्वको वातावरणले हामीलाई चिन्तित तुल्याएको पनि बताउनुभएको थियो । राष्ट्रपति पौडेलले यस क्षेत्रमा युद्धको अन्त्य र शान्तिको पुनःस्थापनाको कामना गर्दै कतारले शान्ति स्थापनाको लागि खेल्दै आएको भूमिकाको प्रशंसा गर्नुभएको थियो ।

त्यस्तै कतारका अमिरले जलवायु परिवर्तनको असरले विश्व नै समस्यामा परेको र यसको न्यूनीकरणसम्बन्धी सम्झौताहरुको सबै मिलेर पालना गरे राम्रो परिणाम आउने र सबैका लागि सुखद् वातावरण तयार हुने बताउनुभयो । कतारका अमिरले नेपालसँग अझ राम्रो सम्बन्ध स्थापित गरेर सहयोगका थप क्षेत्रहरु पहिचानका लागि यो भ्रमण उपलब्धीमूलक हुने विश्वास व्यक्त गर्नुभयो । अमिरले कतारको विकासमा नेपालीहरुको ठूलो योगदान रहेकोमा त्यसको प्रशंसा गर्दै आभार प्रकट गर्नुभएको थियो । उहाँले दुई देशबीच बुधबार हुने समझदारी तथा सम्झौता नेपालमा रहेका जलस्रोत, कृषि, पर्यटनजस्ता क्षेत्रहरुमा लगानीको नयाँ सम्भावनाहरु बढाउन सकिने विश्वास व्यक्त गर्नुभयो । त्यस्तै नेपाल र कतारबीच सदैव सुमधुर सम्बन्ध रहिआएको बताउँदै राष्ट्रपति पौडेलले हाम्रा सम्बन्ध मित्रता, आपसी सम्मान, विश्वास र सद्भावमा आधारित रहेको स्पष्ट गर्नुभएको थियो ।

दुई मुलुकबीच नियमितरूपमा उच्चस्तरीय भ्रमणहरूको आदानप्रदान हुने परम्परा रहिआएको र यसबाट द्विपक्षीय सम्बन्धको विस्तारमा महत्वपूर्ण भूमिका खेलेको उल्लेख गर्दै राष्ट्रपति पौडेलले यस ऐतिहासिक भ्रमणले नेपाल र कतारको सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याएको बताउनुभएको थियो । कतारी अमिरले कतारमा नेपाली श्रमिकलाई अझ राम्रो क्षेत्रमा रोजगारी दिने विषयमा योजना बनिरहेको उल्लेख गर्नुभयो ।

राष्ट्रपति पौडेलले राजनीतिक रूपान्तरणका मुद्दाहरू टुङ्गोमा पुगेसँगै नेपाल अब आर्थिक विकास र समृद्धिको यात्रामा अगाडि बढेको उल्लेख गर्दै विकास र समृद्धि हासिल गर्ने नेपालको प्रयासहरूमा कतारको सहयोग निरन्तर रहने विश्वास पनि व्यक्त गर्नुभएको थियो । दुई मुलुकबीच व्यापार, पर्यटन र लगानीका क्षेत्रमा सहकार्यको राम्रो सम्भावना रहेको सन्दर्भमा यी क्षेत्रहरुमा हाम्रो सहयोग एवं सहकार्य भविष्यमा थप घनिभूत हुने राष्ट्रपति पौडेलले विश्वास व्यक्त गर्नुभएको थियो ।

कतार नेपाली कामदारहरूको लागि वैदेशिक रोजगारीको एक प्रमुख एवं आकर्षक गन्तव्य मुलुक रहँदै आएको र आधुनिक कतारको विकासमा नेपाली कामदारहरूले पनि उल्लेखनीय योगदान गरेको स्मरण गराउनुभएको थियो । राष्ट्रपति पौडेलले अमिरको दूरदर्शी नेतृत्वमा कतारले गरेको दिगो विकास र समृद्धि देखेर धेरै खुसी लागेको बताउँदै मुलुकलाई एक उच्च विकसित राष्ट्र बनाउने अमिरको दीर्घकालीन सोच र दृढ अठोटको प्रशंसा गर्नुभएको थियो । भेटवार्ता पछि अमिर अल थानीले राष्ट्रपति कार्यालयमा राखिएको आगन्तुक पुस्तिकामा हस्ताक्षर गर्नुभयो ।रासस

'सरकारले व्यवसायीको हकहितमा काम गर्नुपर्छ'

काठमाण्डु । नेपाली कांग्रेसका सांसद डा सुनिलकुमार शर्माले सरकारले मुलुकका व्यवसायीहरुको हकहितमा काम गर्नुपर्ने बताउनुभएको छ ।

नेपाली कांग्रेसको शुभेच्छुक संस्था लोकतान्त्रिक साना होटल व्यवसायी सङ्घले मंगलबार आयोजना गरेको कार्यक्रममा उहाँले देशको समृद्धिको मुख्य आधार निजी क्षेत्र हो भन्ने कुरालाई स्वीकार गरी सरकारले व्यवसायीको हकहितमा काम गर्न सकेमा मात्र देश विकास सम्भव रहेको बताउनुभएको हो ।उहाँले भन्नुभयो, "बैंक तथा वित्तिय संस्थाको व्याजदर चर्को छ, अर्थतन्त्रमा देखिएको सङ्कटका कारण देशमा उद्योग व्यवसाय पूर्ण क्षमतामा सञ्चालन हुन सकिरहेका छैनन् र यसको मार साना व्यवसायीहरुमा भन् बढी परेको छ भन्दै यस्तो अवस्थामा राजनीतिक दुरदर्शिता आवश्यक छ र सरकारले रातभर सुत्न नसकेका व्यवसायीहरुलाई सहुलियत पुग्नेगरी काम गरिदिनुपर्छ ।"

नेपाली युवा विदेश पलायन भएको चर्चा हुने गरेपनि व्यवसायीहरुले आफ्ना व्यवसाय छोडेर विदेश पलायन हुनुपर्ने अवस्थाका बारेमा भने कुनै चर्चा नभएको उहाँको भनाइ छ । मेडिकल व्यवसायी रहनुभएका उहाँले गाउँगाउँमा गुणस्तरीय स्वास्थ्य सेवा

प्रदान गर्नका लागि सरकारले विशेष योजना ल्याउनुपर्नेमा पनि जोड दिनुभयो । उहाँले अहिले देशका व्यवसायीहरुमा छाएको निराशाको अन्त्य गरी उनीहरुलाई हौसला प्रदान गर्ने खालको व्यवसायमैत्री नीति अख्तियार नगर्ने हो भने मुलुकको अर्थतन्त्रमा झन् ठूलो समस्या उत्पन्न हुने पनि बताउनुभयो ।

नेपाली कांग्रेस काठमाडौँ क्षेत्र नं ६ प्रदेश (क) का सभापति एवं काठमाडौँ महानगरपालिका वडा नं २६ का वडाअध्यक्ष ख्यामराज तिवारीले काठमाडौँको प्रमुख पर्यटकीय गन्तव्य ठमेल र दरबारमार्ग २४सै घण्टा खुलेको र यहाँको सुरक्षा अवस्थालाई हेरेर नयाँ बसपार्क क्षेत्रलाई पनि २४सै घण्टा खोल्ने तयारी भइरहेको जानकारी दिनुभयो ।नेपाल ट्रेड युनियन कांग्रेसका अध्यक्ष योगेन्द्रकुमार कुँवरले होटल क्षेत्रमा कार्यरत श्रमिकलाई अगाडि बढाउनका लागि होटल व्यवसायीले सहयोग गर्नुपर्ने उल्लेख गर्नुभयो ।

सो कार्यक्रममा डेमोक्रेटिक लयर्स एशोसियसन अफ नेपालका अध्यक्ष एवं वरिष्ठ अधिवक्ता सीताराम केसी, नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका अध्यक्ष विजयबहादुर स्वाँर, राष्ट्रिय होटल व्यवसायी सङ्घका अध्यक्ष पदम योङहाङ, नेपाल यातायात मजदुर सङ्घका अध्यक्ष धर्म भण्डारीलगायतले होटल व्यवसायलाई मर्यादित र व्यवस्थित ढङ्गले अगाडि बढाउनका लागि लोकतान्त्रिक होटल व्यवसायी सङ्घले महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभएको थियो ।

नेपाली कांग्रेसबाट विसं २०७९ साउन २ गते शुभेच्छुक संस्थाको मान्यता पाएको लोकतान्त्रिक होटल व्यवसायी सङ्घले हाल देशभरका ३० भन्दाबढी जिल्लामा तदर्थ समिति विस्तार गरिसकेको सङ्घका अध्यक्ष लीलाप्रसाद ढकालले जानकारी दिनुभयो ।त्यसअवसरमा होटल व्यवसायीहरुलाई उपचारमा छुटसम्बन्धी सम्झौता पनि भएको थियो । सो सम्झौताअनुसार डा शर्मा अध्यक्ष रहेको काठमाडौँ मेडिकल कलेजलगायत अन्य अस्पतालमा उपचार गर्न जाने होटल व्यवसायीलाई विशेष छुट दिइने व्यवस्था छ ।रासस

अन्तर्राष्ट्रिय व्यापारबाट अपेक्षित लाभ लिन नसकेको उद्योग मन्त्रीको भनाई

टुडे समाचारदाता

काठमाण्डु । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले नेपालले विश्वव्यापार सङ्गठन(डब्लुटिओ)को सदस्यता लिएको २० वर्ष पूरा भए पनि अन्तर ष्ट्रिय व्यापारबाट अपेक्षित लाभ लिन नसकेको बताएका छन् ।

मन्त्रालयद्वारा नेपालको विश्व व्यापार सङ्गठनको सदस्यताको २० वर्षका अपेक्षा, उपलब्धि तथा आगामी कार्यदिशा' विषयक आज यहाँ आयोजित कार्यक्रममा उनले भने, "विकासशील मुलुकहरुलाई विश्व अर्थतन्त्रबाट सिर्जित लाभ लिन र बजार पहुँच दिलाउन स्थापित भएको यस सङ्गठनबाट केही अपवादबाहेक अल्पविकसित मुलुकले आशा गरेअनुसार लाभ लिन सकिरहेको अवस्था छैन ।"

उहाँले निर्यात सम्भाव्यता भएका राष्ट्रसँग द्विपक्षीय व्यापार तथा लगानी सम्झौता गर्न सरकार, निजी क्षेत्र, अनुसनधान संस्थालगायत सरोकारवालाको सहभागितालाई अर्थपूर्ण बनाउन जरुरी रहेकामा जोड दिँदै मन्त्री

भण्डारीले अन्तर्राष्ट्रिय व्यापारको सम्भावना अध्ययन गरी वस्तुगत र देशगत निर्यात रणनीति तर्जुमा गरी अगाडि बढ्ने योजना आवश्यक देखिएको बताए ।

उहाँले विश्व व्यापारका सन्दर्भमा सार्वजनिक-निजी संवाद कार्यक्रममा सबैलाई आ-आफ्नो क्षेत्रबाट कसरी औद्योगिक तथा व्यापारिक क्षेत्रमा जागरण ल्याउन सकिन्छ भनेर बृहत् बहस तथा छलफलको आवश्यकता औंल्याए । मन्त्री भण्डारीले विश्व व्यापारको परिणाम अपेक्षाकृत आउन नसकेको उल्लेख गर्दै यसका लागि गम्भीर ढङ्गले राष्ट्रिय बहसको आवश्यकता रहेको बताए ।

उनले भने, "डब्लुटीओको मान्यतामा हामी सहमत छौँ, तर नेपालका सन्दर्भमा त्यो लागू हुन सकेको छैन, हामीले आयातित वस्तुको भारी बोक्नुपर्ने अवस्था छ, यो समस्याबाट हामी मुक्त हुन जरुरी छ ।" उनले विश्व बजारमा नेपालको उपस्थिति हुन नसकेको विषयमा मसिनो ढङ्गले अध्ययन गर्न जरुरी रहेको बताए ।

कार्यक्रममा वाणिज्य सचिव दिनेशकुमार घिमिरेले निजी क्षेत्रबाट अपेक्षा राखेर निर्माण गरिएका नीतिले अपेक्षाअनुसार सफलता नपाउँदा पनि विश्व व्यापारमा नेपालको उपस्थिती कमजोर भएको बताए । उनले भने, "सरकारकोतर्फबाट नीतिगत काम गर्नुपर्ने छ, हामी मन्त्रालयस्तरमा विश्व बजारमा कसरी जाने भनेर रणनीति तयार गर्दैछौँ, हामीले आफ्नो उत्पादनलाई बढाउने काम गर्नुपर्छ ।"

उद्योग सचिव कृष्णबहादुर राउतले विश्व व्यापार सङ्गठनको सदस्यता लिएको २० वर्ष भइसक्दा पनि नेपालले सही हिसाबले फाइदा लिन नसकेको बताए । उनले विश्व व्यापार सङ्गठनको सदस्य भएपछि आश्वासन पाएअनुसार व्यापारमा नेपालले हिस्सा लिन नसकेको बताए ।

कार्यक्रममा नेपाल घरेलु तथा साना उद्योग महासङ्घका अध्यक्ष उमेशप्रसाद सिंह, निर्यात व्यवसायी महासङ्घका उपाध्यक्ष गोविन्द घिमिरे, मन्त्रालयको बहुपक्षीय महाशाखाका सहसचिव लीलाप्रसाद शर्मालगायतले विश्व बजारमा नेपालको व्यापारमा पहुँच हुन नसक्दा र आयातमुखी व्यवसाय बढ्दो क्रममा रहेकाले व्यापार घाटा बढ्दो क्रममा रहेको बताए ।

सन् २०२३ मा जलवायु र मौसमी प्रकोपबाट एसिया सबैभन्दा बढी प्रभावित

एएफपी

जेनेभा । सन् २०२३ मा जलवायु र मौसमी खतराबाट एसिया विश्वको सबैभन्दा धेरै प्रकोप प्रभावित क्षेत्र भएको संयुक्त राष्ट्रसङ्घले मङ्गलबार बताएको छ । एसियामा बाढी र आँधी मानवीय र आर्थिक क्षतिको प्रमुख कारण भएको बताइएको छ ।

गत वर्ष विश्वव्यापी तापक्रम कीर्तिमानी उचाइमा पुगेको छ । राष्ट्रसङ्घको मौसम तथा जलवायु एजेन्सीले एसियामा विशेषरूपमा तीव्र गतिमा तापक्रम बढिरहेको बताएको छ । विश्व मौसम विज्ञान सङ्गठन (डब्ल्युएमओ) ले एसियामा गर्मीको लहरको प्रभाव अझ गम्भीर हुँदै र पग्लिँदै गरेको हिमनदीबाट एसियाको भविष्यको जल सुरक्षामा खतरा उत्पन्न भएको बताएको छ ।

गत वर्षको तापक्रम सन् १९६१ देखि सन् १९९० को औसतभन्दा करिब दुई प्रतिशतले बढी रहेको भन्दै डब्ल्युएमओले एसियामा विश्वव्यापी औसतको तुलनामा तीव्ररूपमा तापक्रम बढिरहेको बताएको छ ।

"प्रतिवेदनको निष्कर्ष गम्भीर छ, यस क्षेत्रका धेरै मुलुकले सन् २०२३ मा आफ्नो सबैभन्दा तातो वर्षको अनुभव गरेका छन् भने खडेरी र गर्मीको लहरदेखि लिएर बाढी र आँधीसम्मको चरम स्थितिको सामना गरेका छन्", डब्ल्युएमओका प्रमुख सेलेस्टे साउलोले एक विज्ञप्तिमा भन्नुभयो, "जलवायु परिवर्तनले यस्ता घटनाहरूको आवृत्ति र गम्भीरतालाई बढाएको छ, यसको समाज, अर्थतन्त्र र सबैभन्दा महत्त्वपूर्णरूपमा मानव जीवन र हामी बस्ने वातावरणमाथि गहिरो प्रभाव पारेको छ ।"

एसियामा जलवायुको अवस्था २०२३ को प्रतिवेदनमा यस क्षेत्रको समाज, अर्थतन्त्र र पारिस्थितिकीय प्रणालीका लागि गम्भीर प्रभाव पार्ने सतहको तापक्रम, पग्लिँदै गरेको हिमनदी र समुद्रको स्तरमा वृद्धि जस्ता प्रमुख जलवायु परिवर्तनका सूचकहरूको तीव्र गतिमाथि प्रकाश पारिएको छ ।

"सन् २०२३ मा एसिया मौसम, जलवायु र पानीसम्बन्धी खतराबाट विश्वको सबैभन्दा बढी प्रकोप प्रभावित क्षेत्र बनेको छ", डब्ल्युएमओले भनेको छ । सन् २०२३ मा एसियामा सतह निकट वार्षिक औसत तापक्रम रेकर्डमा दोस्रो सबैभन्दा धेरै थियो । यो सन् १९९१-२०२० को औसतभन्दा शून्य दशमलव ९१ डिग्री सेल्सियसले र सन् १९६१-१९९० को औसतभन्दा एक दशमलव ८७ डिग्री सेल्सियसले अधिक थियो ।

पश्चिमी साइबेरियादेखि मध्य एसिया र पूर्वी चीनदेखि जापानसम्म विशेषरूपमा उच्च औसत तापक्रम रेकर्ड गरिएको र जापानमा अहिलेसम्मकै सबैभन्दा गर्मी रेकर्ड गरिएको प्रतिवेदनमा उल्लेख छ । त्यस्तै हिमालय तथा पाकिस्तान र अफगानिस्तानको हिन्दू कुश पर्वत शृङ्खलामा वर्षा सामान्यभन्दा कम भएको थियो ।

यसैबीच गत वर्ष दक्षिण पश्चिम चीनले खडेरीको सामना गर्नुपर्‍यो । वर्षको करिब प्रत्येक महिनामा यहाँ वर्षाको स्तर सामान्यभन्दा कम रह्यो । तिब्बती पठारमा केन्द्रित हाई-माउन्टेन एसिया क्षेत्र अर्थात ध्रुवीय क्षेत्रबाहिर बरफको सबैभन्दा ठूलो मात्रा विद्यमान छ ।

पछिल्लो धेरै दशकमा यीमध्ये अधिकांशमा हिमनदीहरू पछि हट्दै गएको र यसको गति पनि तीव्र भइरहेको छ भन्दै डब्ल्युएमओले यस क्षेत्रका निरीक्षण गरिएका २२ वटा हिमनदीमध्ये २० वटामा गत वर्ष लगातार सामूहिकरूपमा क्षति भइरहेको जनाएको छ ।

सन् २०२३ मा उत्तरपश्चिम प्रशान्त महासागरमा समुद्रको सतहको तापक्रम रेकर्डमा सबैभन्दा धेरै रहेको प्रतिवेदनमा बताइएको छ ।

गत वर्ष एसियामा पानीसम्बन्धी मौसमी जोखिमसँग सम्बन्धित ७९ प्रकोप रेकर्ड गरिएका छन् । तीमध्ये ८० प्रतिशतभन्दा धेरै बाढी र आँधी थिए । यसबाट दुई हजारभन्दा धेरैको मृत्यु र ९० लाख मानिस प्रत्यक्षरूपमा प्रभावित भएका छन् ।

प्राकृतिक प्रकोपका घटनाहरूमा एसियाको संवेदनशीलतालाई लगातार उच्च जोखिममा राख्दै डब्ल्युएमओले भनेको छ, "सन् २०२३ मा रिपोर्ट गरिएका घटनाहरूमा मृत्युको प्रमुख कारण बाढी थियो ।"

हडकडमा सेप्टेम्बर ७ मा एक घन्टामा एक सय ५८ दशमलव एक मिलिमिटर वर्षा रेकर्ड गरियो । आँधीको परिणामस्वरूप सन् १८८४ मा रेकर्डहरू राख्न सुरु भएयता यो सबैभन्दा उच्च थियो ।

डब्ल्युएमओले विपद् जोखिम न्यूनीकरणमा काम गरिरहेका अधिकारीहरूलाई अनुकूल जानकारी सुधार गर्नका लागि यस क्षेत्रभर राष्ट्रिय मौसम सेवाहरूको तत्काल आवश्यकता रहेको बताएको छ ।

"हाम्रो कार्य र रणनीतिहरूले यो समयको जरुरीतालाई प्रतिबिम्बित गर्न आवश्यक छ", डब्ल्युएमओका प्रमुख साउलोले भन्नुभयो, "हरित गृह ग्यास उत्सर्जन घटाउनु र विकसित जलवायुमा अनुकूलन गर्नुको विकल्प नभए पनि आधारभूत आवश्यकता हो ।"

सूर्य नेपाल काठमाडौं ओपनको पहिलो दिन भुवन नगरकोटी शीर्षस्थानमा

टुडे समाचारदाता

काठमाण्डु । सूर्य नेपाल गल्फ टुर २०२३-२४ अन्तर्गतको सातौं प्रतियोगिता, सूर्य नेपाल काठमाडौं ओपनको पहिलो दिन इभन -पार ६८ को स्कोरमा भुवन नगरकोटी शीर्षस्थानमा रहेका छन् । उनले रवि खड्का, भुवन कुमार रोक्का र निरज तामाङलाई एक स्ट्रोकले पछि पारेका छन। रवि, भुवन र निरजले भने पहिलो दिनको खेल १-ओभर ६९ मा सकाउँदै युक्तरुपमा दोस्रो स्थान बाँडे। २-ओभर ७० को नतिजामा पुर्ण प्रसाद शर्मा, धन बहादुर थापा, जयराम श्रेष्ठ, सञ्जय लामा र दिनेशप्रजापतिले युक्तरुपमा पाँचौं स्थान बाँडे। पशुपति शर्मा ३-ओभर ७१ को स्कोरमा दशौं स्थानमा रहेका छन् ।

पहिलो दिन शीर्षस्थानमा रहेका भुवन नगरकोटीले फ्रन्ट नाइन २-ओभर ३६ मा सकाए। दिनको सुरुवात बर्डीबाट गरे। पहिलो होलमा बोगी प्रहार गरेपनि दोस ब्याक नाइनमा भने उनी सम्हालिए। १०औं,११ औं र १५औं होलमा एक-एक सट बचाए भने १७औं होलको बोगीले ब्याक नाइन २-अन्डर ३२ मा पुरागरे। इभन-पार ६८ नै पहिलो दिनको उत्कृष्ट स्कोर कार्ड बन्यो। रविले सुरुवात खराब गरे। दोस्रो, तेस्रो, सातौं र नवौं होलमा बोगी खेल्दै फ्रन्ट नाइन ४-ओभर ३८ मा सकाए। यसपछि भने खेलमा सुधार ल्याए। १२औं, १३औं र १७औं होलमा बर्डीको सफलता प्राप्त गरे र ब्याक नाइन ३-अन्डर ३१ पुरागरे।

भुवन रोक्काले फ्रन्ट नाइन १-ओभर ३५ मा सकाए। पहिलो र तेस्रो होलमा बोगी प्रहार गरे भने दोस सातौं होलमा भने डबल बोगीको सामना गरे। यसपछि उनले ब्याक नाइनको सबै ९ होलमा नै पार जोगाए । निरजले दोस्रो होलमा बर्डी प्रहार गरे भने ५-पा रको चौथो होलमा ईगलको सफलता प्राप्त गरे। तर तेस ऋन्ट नाइन १-अन्डर ३३ मा सकाए। यसपछि ११औं होलमा डबल बोगी खेपे भने १३औं होलमा एक सट खेर फाले। १६औं होलको बर्डीले ब्याक नाइन २-ओभर ३६ मा पुरागरे।

एमेच्योरतर्फ टासी छिरिङ र सदभाव आचार्य युक्तरुपमा शीर्षस्थानमा रहेका छन। उनीहरुले ४-ओभर ७२ मा पहिलो दिनको खेल सकाए। ८-ओभर ७६ को स्कोरमा निल कुमार थापा र भरत थापा मगरले युक्तरुपमा तेस्रो स्थानमा बाँडे । सुर्य नेपाल गल्फ टुरमा डेब्यु गरेका सुबाश तामाङले पहिलो दिन ४-ओभर ७२ को प्रदर्शनगरे। उनी समग्रमा एमेच्योरद्वय टासी र सदभावसँग संयुक्तरुपमा ११औं स्थानमा रहेका छन् ।

चार दिने प्रतियोगितामा ३६ होलको समाप्तीमा कट लागु हुनेछ। जहाँ२१ टप प्रोफेसनल खेलाडीले अन्तिम १८ होलको लागि स्थान बनाउनेछन। २टप१ मा पर्ने खेलाडीहरुले नगद पुरस्कार प्राप्त गर्नेछन। एमेच्योर खेलाडीको हकमा प्रोफेसनल खेलाडीको कटमा पर्नेले मात्र अन्तिम १८ ३२ प्रोफेसनल र ९ एमेच्योर गरी कुल ४१ गल्फर ह(ले प्रतिस्पर्धा गरिरहेका छन् । प्रतियो गिताको कुल पुरस्कार राशी ७ लाख ३ हजार ५ सय रहेको छ। विजेताले १ लाख २० हजार तथा दोस्रो र तेस ो यसैगरी चौथो हुनेले ५५ हजार र पाँचौ हुने खेलाडीले ४३ हजार नगद हात पार्नेछन् ।

मलेसियामा सैन्य हेलिकप्टर दुर्घटना हुँदा १० को मृत्यु

सिन्ह्वा

क्वालालम्पुर । मलेसियाको पेराक राज्यमा मङ्गलबार बिहान मलेसियाली सेनाको दुई वटा हेलिकप्टर आकाशमा ठोक्किँदा १० जनाको मृत्यु भएको छ ।

फ्लाईपास्ट रिहर्सलका क्रममा हेलिकप्टरहरू लुमुट रोयल मलेसियन नेवी बेसमा ठोक्किएर दुर्घटनाग्रस्त भएको रोयल मलेसियन नेवीले विज्ञप्तिमा उल्लेख गरेको छ ।

दुर्घटनाग्रस्त एउटा हेलिकप्टरमा सात अर्कोमा तीन जना सवार थिए ।

"सबैको घटनास्थलमै मृत्यु भएको र पहिचानका लागि शवलाई लुमुट आधार अस्पतालमा लगिएको छ", विज्ञप्तिमा भनिएको छ, "पीडितहरूको भिडियो र फोटोहरू नफैल्याउन आग्रह गरिएको छ ।"

इथियोपियामा द्वन्द्वका कारण ५० हजारभन्दा बढी विस्थापित

एएफपी

नैरोबी । उत्तरी इथियोपियाको एउटा विवादित क्षेत्रमा भएको झडपका कारण ५० हजारभन्दा बढी मानिस विस्थापित भएको संयुक्त राष्ट्रसङ्घले जनाएको छ । अन्तर्राष्ट्रिय समुदायले प्रतिद्वन्द्वी क्षेत्रहरूमा लडाकूहरू संलग्न हिंसाप्रति चिन्ता व्यक्त गरेका छन् ।

"अप्रिल १३/१४ पछि टाइग्रे र छिमेकी अमहाराले दाबी गरेको अलामाता टाउन र राया अलामाता, जाटा र ओफलामा सशस्त्र झडपहरूबाट विस्तापित मानिसको सङ्ख्या ५० हजारभन्दा बढी भएको छ", स्थानीय अधिकारीहरूलाई उद्धृत गर्दै राष्ट्रसङ्घले भनेको छ, "मानवीय अवस्था गम्भीर छ, हजारौं महिला र बालबालिकालाई बाँच्नका लागि व्यापक मानवीय सहायताको आवश्यकता छ ।"

इथियोपियाको सरकार र क्षेत्रीय टाइग्रेयन अधिकारीहरूबीच दुई वर्षको युद्धमा अमहारा बलले दक्षिणी टाइग्रेमा राया अलमाता कब्जा गरेका छन् ।

प्रधानमन्त्री अबी अहमदी सरकार र टाइग्रेयन अधिकारीहरू बिचको शान्ति सम्झौताअन्तर्गत सङ्घर्षका क्रममा सङ्घीय सेनालाई समर्थन गरेको अमहारा सेनाले सन् २०२२ नोभेम्बरमा प्रिटोरियामा सम्झौतामा हस्ताक्षरपछि राया अलमाताबाट फिर्ता हुनुपर्ने थियो ।

सङ्घीय सरकार र टिग्रेयन अधिकारीहरूले उत्तरी इथियोपियामा मिडियाको पहुँचमा कडा प्रतिबन्ध लगाइएको हुनाले स्वतन्त्र अवस्थालाई प्रमाणित गर्न असम्भव छ । संयुक्त राज्य अमेरिका, जापान, बेलायत र फ्रान्सलगायत धेरै राष्ट्रका दूतावासहरूले शनिबार वार्ताको आह्वान गर्दै नागरिकको सुरक्षा गर्न आग्रह गरेका छन् ।

युद्धको सुरुआती समयमा अमहारा सेनाहरूले पश्चिमी टिग्रे कब्जा गरी नियन्त्रणमा लिँदा विवादित दुवै क्षेत्रहरूले दावी गरेका छन् ।

इथियोपियाको दोस्रो बढी जनसङ्ख्या भएको क्षेत्र अमहारा सन् २०२३ अप्रिलदेखि द्वन्द्वग्रस्त छ भने सङ्घीय सरकारको देशका क्षेत्रीय सेनाहरूलाई ध्वस्त पार्ने निर्णयले द्वन्द्व निम्त्याएको थियो ।

टिग्रे शान्ति सम्झौताबाट विश्वासघात भएको महसुस गरिसकेका अमहारा राष्ट्रवादीहरूले यो कदमले आफ्नो क्षेत्रलाई कमजोर पार्ने बताएका छन् ।

कुवेतमा अन्तर्राष्ट्रिय युवा फोटोग्राफी प्रदर्शनी सुरु

सिन्ह्वा

कुवेत सिटी । कुवेतको हवाली गभर्नरेटमा सोमबारदेखि अन्तर्राष्ट्रिय युवा फोटोग्राफी प्रदर्शनी सुरु भएको छ ।

कुवेत चाइना कल्चरल सेन्टर र कुवेत सोसाइटी फर फोटोग्राफी आर्ट्सले ७० वटा फोटोग्राफिक कार्यहरू प्रदर्शन गर्ने 'संयुक्त भिजन साझा भविष्य' ले सहआयोजना गर्दैछन् ।

कुवेत चाइना कल्चरल सेन्टरले बेल्ट एण्ड रोड साझेदार देशहरूसहित धेरै देशका युवा फोटोग्राफद्वारा ५० पुरस्कार-विजेता फोटोहरू उपलब्ध गराएको छ। कुवेत सोसाइटी फर फोटोग्राफी आर्ट्सले १६ युवा कुवेती फोटोग्राफरद्वारा २० शीर्ष फोटोग्राफिक कार्य प्रस्तुत गरको छ। यसले देशका सहर, प्रकृति, समाज र अन्य दृष्टिकोण देखाएको छ।

कुवेत चाइना कल्चरल सेन्टरका निर्देशक सिया जियानफेङले प्रदर्शनी चीन र कुवेतबीचको सांस्कृतिक आदानप्रदानको अर्को प्रमाण भएको र यसले दुई देशका जनताबीच आपसी समझदारी बढाउन मद्दत गर्ने बताउनुभयो । कुवेत सोसाइटी फर फोटोग्राफी आर्ट्सका अध्यक्ष सुआद अल-हमारले यी कामले चीन र कुवेतका युवा फोटोग्राफरहरूको जीवन शक्तिलाई प्रतिबिम्बित गर्दछ भन्नुभयो । फोटोग्राफी प्रदर्शनी जेठ २२ गतेसम्म चल्नेछ।

नासाको 'भ्वायजर अन्तरिक्ष यान'द्धारा पृथ्वीमा ईन्जिनियरिङ् अद्यावधिक पठाउन पुनः सुरु

सिन्ह्वा

लस एन्जलस । अमेरिकी अन्तरिक्ष एजेन्सी नासाले नोभेम्बर पछि पहिलो पटक, 'भ्वायजर-१' अन्तरिक्ष यानले आफ्नो जहाजको इन्जिनियरिङ प्रणालीको स्वास्थ्य र स्थितिको बारेमा प्रयोगयोग्य डाटा फिर्ता गरिरहेको जनाएको छ । भ्वायजर-१ ले ४५ वर्षभन्दा बढी समयदेखि हाम्रो सौर्यमण्डलको अन्वेषण गरिरहेको छ।

'प्रोब' र यसको जुम्ल्याहा 'भ्वायजर-२' अन्तरतारकीय अन्तरिक्षमा उड्ने एक मात्र अन्तरिक्ष यान हो। स्पेस प्रोबले वैज्ञानिकलाई सौर्यमण्डलको बारेमा जानकारी प्राप्त गर्न मद्दत गर्दछ । नासाका अनुसार अर्को चरण भनेको अन्तरिक्ष यानलाई फेरि विज्ञान डेटा फर्काउन सुरु गर्न सक्षम गर्नु हो।

भ्वायजर-१ ले गत वर्ष नोभेम्बर १४ मा पृथ्वीमा पठनयोग्य विज्ञान र इन्जिनियरिङ डेटा पठाउन रोकेको, यद्यपि मिशन नियन्त्रकहरूले अन्तरिक्ष यानले



अझै पनि तिनीहरूको आदेशहरू प्राप्त गरिरहेको र सामान्य रूपमा सञ्चालन गरिरहेको बताएको छ।

मार्चमा, दक्षिणी क्यालिफोर्नियामा नासाको जेट प्रोपल्सन प्रयोगशालामा भ्वायजर इन्जिनियरिङ टोलीले अन्तरिक्ष यानको तीनवटा अनबोर्ड कम्प्युटरहरू मध्ये एउटासँग जोडिएको थियो, जुन यो पृथ्वीमा पठाउनु अघि विज्ञान र इन्जिनियरिङ डेटा प्याकेजिङको लागि जिम्मेवार रहेको पुष्टि गरेको छ।

करिब ४६ वर्ष पहिले प्रक्षेपण गरिएको, जुम्ल्याहा भ्वायजर अन्तरिक्ष यान इतिहासमा सबैभन्दा लामो र सबैभन्दा टाढाको अन्तरिक्ष यान रहेको छ। 'भ्वायजर इन्टरस्टेलर'को उद्देश्य भनेको सौर्यमण्डलको नासा अन्वेषणलाई बाहिरी ग्रहहरूको छेउछाउभन्दा बाहिरको सूर्यको प्रभावको क्षेत्रको बाहिरी सीमासम्म विस्तार गर्नु हो । तिनीहरूको इन्टरस्टेलर अन्वेषण सुरु हुनु अघि, दुबै प्रोबहरू शनि र बृहस्पतिबाट उडेका र भ्वायजर-२ युरेनस र नेप्च्युनबाट उडेका थिए ।

सांस्कृतिक र पर्यटन उपभोग प्रवर्द्धन गर्न चीनको पहल सुरु

सिन्ह्वा

गुआङ्झोउ । चीनमा सांस्कृति तथा पर्यटन उपभोग प्रवर्द्धन गर्न दक्षिण चीनको गुआङडोङ प्रान्तको झुहाई सहरमा मङ्गलबार राष्ट्रिय पहल सुरु गरेको छ।

सन् २०२४ अप्रिलदेखि सन् २०२५ फेब्रुअरीसम्म चल्ने उक्त पहलमा मे दिवसका बिदाहरू, गर्मी बिदाहरू, राष्ट्रिय दिवसका बिदाहरू र वसन्त महोत्सव अर्थात चिनियाँ नयाँ वर्षका लागि तयार गरिएका विभिन्न पचार गतिविधिहरू समावेश हुनेछन् ।

स्थानीय अधिकारीहरूसँग सहकार्य गर्दै मन्त्रालयले अद्वितीय सांस्कृतिक तथा पर्यटन गतिविधि, नवीन उपभोगका अवसर र उपभोक्तामैत्री उपायहरू पेस गर्नका लागि विषयगत कार्यक्रमहरू आयोजना गर्नेछ। उक्त ठोस प्रयासको उद्देश्य व्यवसाय र आम जनता दुवैलाई लाभको सुनिश्चितता कायम गर्नु हो ।

रुसको युक्रेन युद्धमा समर्थन गरेको अमेरिकी दाबीको चीनद्वारा निन्दा

एएफपी

बेइजिङ । बेइजिङले युक्रेनमा रुसको युद्धको समर्थन गरिरहेको भन्ने अमेरिकाको 'निराधार आरोप' को चीनले मङ्गलबार निन्दा गरेको छ।

"संयुक्त राज्य अमेरिकाले युक्रेनका लागि ठूलो मात्रामा सहायता विधेयक अगाडि ल्याएको छ, साथै चीन र रुसबीचको सामान्य व्यापारविरुद्ध आधारहीन आरोप पनि लगाएको छ", विदेश मन्त्रालयका प्रवक्ता वाङ वेनबिनले भन्नुभयो, "यस्तो प्रकारको दृष्टिकोण अत्यन्त कपटी र पूर्णतः गैरजिम्मेबारपूर्ण छ र चीन यसको कडा विरोध गर्दछ।"

चीन र रुसले हालैका वर्षहरूमा आर्थिक सहयोग र कूटनीतिक सम्पर्क बढाएका छन् र युक्रेनमाथि आक्रमण गरेपछि उनीहरूको रणनीतिक साझेदारी अझ घनिष्ठ भएको छ।

चीनले आफू युक्रेन द्वन्द्वमा तटस्थ पक्ष भएको बताउँछ तर मस्कोको हमलाको निन्दा गर्न

अस्वीकार गरेकामा उसको आलोचना गरिएको छ। साथै यसै साता अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिङ्केनको बेइजिङको योजनाबद्ध भ्रमणअघि अमेरिकाले चीनमाथि युक्रेन युद्धमा सोभियत युगपछिको सबैभन्दा ठूलो सैन्यकरणका रूपमा रुसलाई सहयोग गरेको आरोप लगाएको थियो।

ब्लिङ्केनले शुक्रबार रुसलाई उसको सैन्य विस्तारका लागि प्रयोग गर्ने घटकहरू आपूर्ति गरेर चीनले युक्रेन युद्धलाई बढावा दिइरहेको बताउनुभएको थियो । "रुसको रक्षा औद्योगिक आधारको कुरा आउँदा अहिलेको समयमा यसमा मुख्य योगदानकर्ता चीन हो", काप्रीमा जी७ का मन्त्रीहरूको बैठकपछि उहाँले पत्रकारहरूसँग भन्नुभयो, "युक्रेनविरुद्ध रुसको आक्रामकता जारी राख्नका लागि यसले अनुमति दिइरहेको छ।"

अमेरिकी अधिकारीहरूले चीनले प्रत्यक्ष सैन्य सहायता दिन बन्द गरेको भए पनि दोहोरो प्रयोगको आपूर्ति प्रदान गरेको बताएका छन् । यसबाट पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पको रिपब्लिकन पार्टीको नेतृत्वमा रहेको हाउस अफ रिप्रेजेन्टेटिभ्समा निष्क्रियताका कारण युक्रेनलाई अमेरिकी सहायतामा भएको लामो ढिलाइले रुसलाई पुनः सङ्गठित हुन सहयोग पुगेको छ।

युक्रेन युद्धमा रुसलाई सहयोग गरिरहेको भन्ने दाबीहरूलाई चीनले लामो समयदेखि खण्डन गर्दै आएको छ। साथै उसले रुससँगको आफ्नो सम्बन्धमा 'आलोचना वा दबाब' स्वीकार नगर्ने बताएको छ।

"युक्रेन युद्धमा चीनले सधैं उद्देश्यपूर्ण र न्यायपूर्ण अडान राखेको छ, शान्ति वार्ताका लागि सक्रियरूपमा वकालत गरेको छ र राजनीतिक समाधानमा जोड दिएको छ", मन्त्रालयका प्रवक्ता वाङले भन्नुभयो, "दोहोरो उपयोग हुने वस्तुहरूको निर्यातमा चीनले लगातार नियम लागु गर्दछ।"

"चीन न युक्रेन सङ्कटको निर्माता हो न त यसको पक्ष नै हो र उसले कहिल्यै पनि आगोमा घिउ हालेको छैन", उहाँले भन्नुभयो, "हामी दोस्रो पक्षलाई दोष दिने वा हामीमाथि दोष लगाउने स्वीकार गर्दैनौं ।"

एलजीको नयाँ बर्ष उपहार योजना

टुडे समाचारदाता

जनकपुरधाम । नेपालको सबैभन्दा धेरै बिक्री हुने अन्तरराष्ट्रिय ब्राण्ड एलजीले नयाँ बर्ष २०८१ लाई लक्षित गर्दै "नयाँ बर्षको सुखद सुरुवात, नगद र उपहारको साथ" नामक योजना अघि सारेको छ । यस योजना अन्तर्गत ग्राहकबर्गहरुले एलजीका घरायसी सामानहरु खरिदगर्दा नगद छुट र पक्का उपहारकासाथै रु.१ लाखको दुर्घटना बीमा, तथा लक्की ड्रमा एलजी ओलेड टिभी हरेक महिना जित्न सक्नु हुनेछ।

एलजी ओलेड टिभी, एलजी क्युनेड टिभी, एलजी युएचडी टिभी, साउन्ड बार, होम अडियो, एलजी सिङ्गल डोर रेफ्रिजेरेटर र भ्याकुम क्लिनरको खरिदमा ग्राहकहरुले ४०% सम्मको क्याशब्याक प्राप्त गर्नसक्ने छन् । साथै एलजी साइड बाइसाइड फ्रेन्चडोर रेफ्रिजेरेटरको खरिदमा माइक्रोवेभ ओभन, एलजी डबल डोर रेफ्रिजेरेटर(३०८ लिटर माथि)को खरिदमा मिक्सर वाभेजि टेबल प्युरिफायर, एलजी डबल डोर रेफ्रिजेरेटर(२८५ लिटर सम्म)को खरिदमा भ्याकुम फ्लास्क वा प्रेसर कुकर, एलजी फ्रन्ट लोड वाशिङ मेसिन(१० केजी र माथि)को खरिदमा इन्डक्सन कुकर, एलजी फ्रन्ट लोड वाशिङमेसिन(९ केजी सम्म)को खरिदमा ६ केजी डिटरजेन्ट पाउडर, एलजी टपलोड तथा टुइनटब वाशिङ मेसिनको खरिदमा ४ लिटर डिटरजेन्ट

लि कुइद, एलजी डिसवासरको खरिदमा २ प्याकेट डिसवासर किट, एलजी माइक्रो वेभओभनको खरिदमा खाना पकाउने कीट र एलजी एयर प्युरिफायरको खरिदमा एयर हिउमिडिफायर प्राप्त गर्न सक्नेछन् । त्यस्तै एयर सलुसनतर्फको एलजी रुम एयर कन्डिसनर र फ्लोरस्ट्यान्डीङ तथा क्यासेट एयर कन्डिसनर को खरिदमा ग्राहकहरुले फ्री इन्स्टलेशन सेवा पाउनेछन् ।

साथै ग्राहकहरुले हरेक महिना लक्की ड्र मार्फत २ वटा एलजी ओलेड टि.भी. जित्न सक्नेछन् । र कुनैपनि एलजीटि.भीका खरिदमा रु.१ लाखको दुर्घटना बिमा पनि प्राप्त गर्न सक्नेछन् । ग्राहकबर्गहरुले या बिमा मार्फत संसारको कुनैपनि कुनामा भएको दुर्घटनाको क्षतिपुर्ती दाबी गर्न सक्नेछन् । ग्राहकहरुले लक्की ड्र र दुर्घटना बिमामा समाबेश हुन बिज्ञापनमा दिईएको छुट्टाछुट्टै क्युआर कोड स्क्यान गरेरमागिएका विवरण भरेर रजिस्टर गर्नुपर्ने छ । यसका साथसाथै शुन्य % ब्याज दर माई एम आइ,कुनैपनि ब्रान्डका पुरानो सामानसँग एलजीको सामानसँग साट्न सकिने एक्सचेन्ज अफर, एलजी लोयल्टी क्लबरिवार्ड,फ्री एलजी सर्टिफाईड इन्स्ट्लेसनर फ्री डेलिभरी पनि रहेको छ।

यो योजना चैत्र २१ गते देखी नेपाल अधिराज्यभरी सिमित अवधीकोलागि लागू गरिएको छ । नेपाल अधिराज्य भर एलजी ब्राण्डको आधिकारिक विक्रेता चौधरी ग्रुप अन्तर्गत सिजी इलेक्ट्रोनिक्सरहेको छ।

कतारमा पानी निर्यातको अवसर

काठमाण्डु । नेपालले पानी निर्यात गरी आर्थिक समृद्धि हासिल गर्नसक्ने सम्भावना खोजिरहेका बेलामा कतार पनि पानी निर्यातको राम्रो गन्तव्य हुनसक्नेमा सरोकारवालाहरुले बताउनुभएको छ । नेपालको खानेपानीले अन्तर्राष्ट्रिय बजारमा व्यापारिक सम्भावना खोजिरहेको बेलामा कतार पनि मुख्य गन्तव्य हुनसक्ने उहाँहरुको भनाइ छ।

पछिल्लो समय जलवायु परिवर्तनको असरका कारण विश्वमा पानीको स्रोत सुक्दै गइरहेको भन्दै यसबारे विश्वव्यापी छलफल सुरु भइसकेको छ । कतारलगायतका खाडीमुलुक पनि पानीको सङ्कटग्रस्त क्षेत्र मानिन्छ । कतारमा पानी निर्यातक्रम बढिरहेको अध्ययनले देखाएको छ। विभिन्न देशमा स्वच्छ खानेपानीको अभाव बढ्दो रहेको अवस्थामा हिमालको पानीको माग उच्च हुनसक्ने उहाँहरुको आकलन छ।

एक प्रतिवेदनअनुसार कतारमा हाल वार्षिक चार करोड डलरभन्दा बढी बोतलको पानीको व्यवसाय छ। यो प्रत्येक वर्ष बढ्दो छ। यस्तो अवस्थामा नेपालले हिमालको पानी कतारमा पुऱ्याएर आम्दानी गर्न सक्ने सरोकारवालाको भनाइ छ । नेपालबाट पनि बोतल बन्द पानी कतारमा निर्यात गर्न सके त्यसबाट राम्रो आम्दानी गर्न सक्ने सम्भावना छ ।लगानी सम्मेलनको पूर्वसन्ध्यामा राष्ट्रपति रामचन्द्र पौडेलको मैत्रीपूर्ण निमन्त्रणामा कतारका अमिर शेख तमिम बिन हमाद अल थानी आज नेपाल भ्रमणमा आउनुभएको छ। कतारी अमिरको भ्रमणले नेपालको स्वदेशी वस्तुहरुको निर्यात प्रवर्द्धनका लागि पहल गर्ने सुनौलो अवसरका रुपमा लिन सकिने उहाँहरुको बुझाइ छ।

व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको तथ्याङ्कअनुसार चालु आर्थिक वर्षको चैतसम्म विश्वका दुई वटा मुलुकमा नेपालको पानी निर्यात भएको छ। तथ्याङ्कअनुसार यस अवधिमा रु १५ लाख २१ मूल्य बराबरको पानी भारत निर्यात भएको छ भने रु २० लाख ९० हजार बराबरको पानी जापान निर्यात भएको छ। भन्सार विभागका अनुसार आव २०७८/७९ मा नेपालले १८ हजार चार सय तीन लिटर पानी कतार निर्यात गरेको थियो । जसबाट नेपालले रु २५ लाख ४४ हजार आम्दानी गरेको थियो । तर त्यसपछिका वर्षमा कतारमा पानी निर्यात हुन सकेको छैन। अब त्यसलाई निरन्तरता दिन सके कतार पानी निर्यातको राम्रो

गन्तव्य बन्न सक्ने देखिएको छ।

केन्द्रकाअनुसार अघिल्लो वर्ष जर्मनी, जापान, भारत, अष्ट्रेलियामा खानेपानी निर्यात भएको थियो । केन्द्रका शाखा अधिकृत कृष्णराज बज्राचार्यले पानी व्यापार पनि मुलुकको आर्थिक समृद्धिको महत्वपूर्ण आधार भएको भन्दै पानी निर्यात प्रवर्द्धनलाई जोड दिनुपर्ने बताउनुभएको छ । खानेपानी मन्त्रालयका सहसचिव माधव अधिकारीले कतारमा खानेपानी निर्यातको राम्रो सम्भावना रहेको बताउनुभयो। "हाम्रो हिमाली क्षेत्रको स्वच्छ खानेपानीको विज्ञापन गर्नसकेमा कतार पनि पानी निर्यातको राम्रो सम्भावना भएको मुलुक बन्न सक्छ", उहाँले भन्नुभयो, "अहिलेसम्म केही निजी क्षेत्रहरुले पिउने पानी निर्यात गर्न थालेका छन् । अब यसलाई अझै व्यापाक प्रचार प्रसार गर्दै कतारलगायतका खाडी मुलुकमा पनि व्यापारको गन्तव्य खोजिनुपर्छ।"

लगानी सम्मेलन र कतारी राजाको भ्रमणका अवसरमा नेपालको पानीको निर्यात प्रवर्द्धनका लागि पहल गरिर्नुपर्नेमा उहाँले जोड दिनुभएको छ। उहाँका अनुसार पानी निर्यातसम्बन्धी ऐन नभएको भन्दै ऐन बनाउन पहल पनि थालिनुपर्नेमा जोड दिनुभएको छ । "अहिले उद्योग विभागले निर्यातका लागि केही काम गरिरहेको छ। अब अन्तरसरकारी निकायबीच समन्वय बढाएर पानी निर्यातको नीतिगत व्यवस्था गर्न जरुरी छ", अधिकारीले भन्नुभयो, "स्वदेशी पानी विश्वबजारमा बेच्नसकेमा स्वदेशी वस्तुको निर्यात प्रवर्द्धन हुने र मुलुकको आर्थिक समृद्धि सम्भव छ।"

बीना मगर खानेपानी मन्त्री भएको समयमा नेपालको पानी विदेश निर्यात गर्ने विषयमा छलफल सुरु गर्नु भएको थियो । खानेपानी मन्त्रालयले यसैको निरन्तरता दिंदै छलफल चलाइरहेको छ।

कतार वातावरण तथा ऊर्जा अनुसन्धान संस्थानले गरेको एक सर्वेक्षणअनुसार कतारको ३० प्रतिशत जनसंख्याले मात्र दैनिक धाराको पानी पिउँछन् । अधिकांशको रोजाइ बोतलको पानीमा छ । खानेपानीको बढ्दो मागबीच ती क्षेत्रमा बोतलको पानीको उद्यम वार्षिक आठ प्रतिशतले बढेको प्रतिवेदनमा उल्लेख छ । बढ्दो जनसंख्या, उच्च खपत उपभोग्य आय, सहज बजार पहुँच, स्वास्थ्यमा बढ्दो जनचेतनालगायतका कारण त्यहाँका जनता धाराको पानीको साटो 'मिनिरल वाटर'को खपत बढेको अध्ययनले देखाएको छ।

गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) का पूर्वअध्यक्ष भवन भट्टले पनि लगानी सम्मेलनको पूर्वसन्धामा कतारी राजा नेपाल भ्रमणमा आएको मौकामा खानेपानी निर्यातका लागि पहल गरेमा मुलुकको अर्थतन्त्र सुधार हुने बताउनुभएको छ । "कतारको समृद्धिका लागि हाम्रा नेपाली कामदारहरुले गर्नुभएको योगदान महत्वपूर्ण छ", उहाँले भन्नुभयो, "अब कतारले पनि हाम्रो मुलुकको समृद्धिका लागि खानेपानीलगायत स्वदेशी वस्तु आयात गरिदिन कतारलाई आग्रह गर्नुपर्छ।"

नेपालको पैठारी व्यापारमा प्रमुख मुलुकमा भारत, चीन, युएई, युक्रेन, मलेसिया, संयुक्तराज्य अमेरिका, फ्रान्स, अष्ट्रेलिया, इण्डोनेसिया, अर्जेन्टिना, थाल्याण्ड, संयुक्त अधिराज्य, साउदी अरेयिबा र ओमान प्रमुखरुपमा रहेको उद्योग मन्त्रालयको भनाइ छ। चालु आर्थिक वर्ष २०८०/८१ प्रथम आठ महिनामा अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा व्यापारघाटामा दुई दशमलव पाँच प्रतिशतले ह्रास आई कूल व्यापारघाटा रु नौ खर्ब २९ अर्ब ६१ करोडमा सीमित भएको मन्त्रालयको तथ्याङ्क छ।

कतारमा पानी निर्यातको गन्तव्य बनाउनसकेमा मुलुकको व्यापार घाटा कम गर्न सकिने विज्ञहरुको भनाइ छ । नेपाल खानेपानी सरसफाइ तथा स्वच्छता नीति २०८० अनुसार पनि खानेपानी निर्यात मुलुकको अवसर रहेको छ। "विदेशमा समेत खानेपानी निर्यात गर्न यस क्षेत्रका अवसरका रूपमा रहेको छ", नीतिमा उल्लेख छ।

समुदायस्तरमा आयोजना पहिचान, तर्जुमा र कार्यान्वयनबाट उत्तरदायित्व वृद्धि हुने, जीवनशैलीमा आएको सुधारसँगै गुणस्तरयुक्त खानेपानी र सरसफाइ सेवाको बढ्दो माग, नदीनाला, तालतलैया तथा जलाशयलगायत अन्य वातावरणीय स्वच्छताका विषयमा जनचेतनामा आएको नकारात्मक अभिवृद्धि, सामुदायिक, गैरसरकारी तथा विकास साझेदारको सहयोग र सहभागिता, पर्यटकीय क्रियाकलापको अभिवृद्धि तथा पर्यटकलाई आकर्षण गर्न सकिने नीतिमा उल्लेख छ

नीतिनिर्माणको आवश्यकता पहिचान संविधान प्रदत्त स्वच्छ खानेपानी सेवामा पहुँच तथा स्वच्छ वातावरणमा बाँच्न पाउने मौलिक हकको परिपूर्ति, संरक्षण, सम्वर्द्धन गरी दिगोरूपमा उपभोग गर्नका लागि दिशानिर्देश गर्न, विद्यमान ग्रामीण खानेपानी तथा सरसफाइ नीति र सहरी खानेपानी तथा सरसफाइ नीतिलाई एकीकृत गरी संघीय संरचना अनुकूल बृहत्तर राष्ट्रिय नीति निर्माण गर्न, यस क्षेत्रमा रहेका वर्तमान समस्या तथा चुनौतीलाई सम्बोधन गर्न र भविष्यमा उत्पन्न हुनसक्ने समस्याहरूलाई न्यूनीकरण गनै आवश्यक रहेको पनि नीतिमा उल्लेख छ।रासस

चैते धानप्रति दाङका किसानको आकर्षण बढ्दो

घोराही । बङ्गलाचुली गाउँपालिका-४ गहतेरा निवासी डोरबहादुर घर्तीले यस वर्ष पनि चैते धान रोप्नुभएको छ । चैते धानले उहाँको जीविकोपार्जनमा सहयोग भएको छ । हरेक वर्ष आम्दानी बढेपछि चैते धानखेतीलाई निरन्तरता दिएको उहाँ बताउनुहुन्छ ।

बर्सेनि चैते धान रोप्दै आउनुभएका घर्तीले हिजो रोपाइँ सक्नुभएको हो । उहाँले भन्नुभयो, "सिँचाइको सुविधा छ, उत्पादन पनि मनग्ये हुने भएकाले पहिलेदेखि नै चैते धानखेती गर्दै आएका छौं ।" चैते र बर्खे धान गरेर वर्षमा दुई बाली धान र एक बाली गहुँखेती गर्दै आउनुभएका घर्तीले बर्खे धानको तुलनामा चैते धान अधिक फल्ने बताउनुभयो । उहाँले यस वर्ष ११ रोपनी क्षेत्रफलमा धान रोप्नुभएको छ।

बङ्गलाचुलीका अर्का किसान मुगा डाँगी पनि अहिले चैते धान रोप्न व्यस्त हुनुहुन्छ। चार रोपनी जग्गामा रोपाइँ जारी छ। थोरै जमिनबाट धेरै उत्पादन लिन पनि आफूले प्रत्येक वर्ष धानखेती गर्दै आएको उहाँले बताउनुभयो । स्थानीय सरकारबाट सहयोग नभएको गुनासो गर्दै उहाँले त्यसो भएमा उत्पादन बढाउन सहज हुने बताउनुभयो ।

चैते धानबाट प्रशस्त आम्दानी हुने भएपछि आफूलगायत गाउँका अधिकांश किसानले चैते धान लगाउँदै आएको उहाँ बताउनुहुन्छ। वर्षमा दुई बाली धानखेती गर्ने स्थानीयवासीले बर्खेभन्दा चैते धानबाट धेरै आम्दानी गर्ने गहतेरा निवासी चूर्ण डाँगी बताउनुहुन्छ। चैते धान प्रवर्द्धन गर्न स्थानीय वा प्रदेश सरकारले अनुदानको व्यवस्था गर्नुपर्नेमा उहाँको जोड छ।

कृषि ज्ञान केन्द्रका अनुसार घोराही उपमहानगरपालिका- १, बङ्गलाचुली गाउँपालिका-३ र ४ सँगै देउखुरीका केही स्थानमा चैते धानखेती हुने गरेको छ। जिल्लामा करिब दुई हजार पाँच सय हेक्टरमा चैते धानखेती हुने गरेको छ।रासस

आयोजनाको ठेक्का अवधि सकियो, प्रगति निराशाजनक

पोखरा । पर्यटकीय राजधानी पोखरामा विद्युत् वितरण प्रणालीलाई भूमिगत गर्ने आयोजनाको प्रगति निराशाजनक देखिएको छ । ठेक्का अवधि सकिसक्दा आयोजनाको भौतिक प्रगति जम्मा ४० प्रतिशत रहेको नेपाल विद्युत् प्राधिकरणको पोखरा-भरतपुर वितरण प्रणाली सुदृढीकरण आयोजनाले जनाएको छ।

भारतीय निर्माण कम्पनी टाटा प्रोजेक्ट्सले दुई वर्षभित्रमा काम सक्ने लक्ष्य राखेर विसं २०७८ माघमा उक्त आयोजना निर्माणको जिम्मा पाएको थियो । सम्झौताअनुसार निर्माण कम्पनीले काम नसकेपछि आठ महिना ठेक्का म्याद थपिएको आयोजनाका प्रमुख इन्जिनियर आनन्द सुवेदीले जानकारी दिनुभयो ।

"निर्माण कम्पनीले पोखराको भौगर्भिक बनावटलगायत कारण देखाउँदै काम ढिलो भएको बताइरहेको छ, अपेक्षित रुपमा आयोजनाले गति लिन सकेको छैन", उहाँले भन्नुभयो, "आयोजनाका पेटी ठेकेदारले काम छाड्दै हिँड्न थालेपछि थप समस्या निम्तिएको छ ।" अहिलेको जस्तै सुस्त गतिमा काम भइरहे थपिएको समयावधिमा पनि आयोजना पूरा हुन मुस्किल हुने देखिन्छ।

आयोजना प्रमुख सुवेदीका अनुसार ठेक्का सम्झौता भएको १५ महिनापछि अघिल्लो वर्षको वैशाखमा बल्ल निर्माण सुरु भएको थियो। उहाँले आयोजना प्रगति न्यून देखिनुमा निर्माण कम्पनीको ढिलासुस्ती पनि एउटा कारण रहेको बताउनुभयो । "सुरुमा इन्जिनियरिङ डिजाइन, उपकरण र



निर्माण सामग्री खरिदमा केही समय लागेपनि निर्माण कम्पनीले सोचे जसरी काम देखाउन सकिरहेको छैन", आयोजना प्रमुख सुवेदीले भन्नुभयो।

पोखराको चट्टानी जमिनका कारण आयोजनासँग पहिले भएको सुरुङ खन्ने उपकरणले काम नगरेपछि उच्च क्षमताको नयाँ उपकरण ल्याउनुपरेको उहाँले बताउनुभयो । अहिले आयोजनासँग सुरुङ खन्ने तीन उपकरण छन् । निर्माण कम्पनीले ५० जनाभन्दा बढी जनशक्तिलाई आयोजनामा खटाएको छ।

आयोजना प्रमुख सुवेदीले प्राथमिकता तोकेर पोखराका विभिन्न ठाउँमा तार भूमिगत गर्ने काम भइरहेको बताउनुभयो । "पोखरा अन्तर्राष्ट्रिय विमानस्थल प्रवेशद्वारअघिको सडकदेखि सेती पुलसम्म सुरुङ खन्ने र पाइप बिछ्याउने काम भइरहेको छ", उहाँले भन्नुभयो, "लेकसाइडको गल्ली नं. १५, १६ र १७ मा पाइप बिछ्याउने काम भइसकेको छ ।" सुरुङ निर्माण सकिएपछि पोखरा महानगरपालिका-१० कुँडहरमा रहेको प्राधिकरणको सब-स्टेसन क्षेत्रबाट तार बिछ्याउन सुरु गरिने आयोजनाले जनाएको छ।

पोखराअन्तर्राष्ट्रियविमानस्थलको प्रवेशमार्गदेखि कुँडहरचोक, अमर सिंहचोक, पृथ्वीचोक हुँदै जिरो किमीसम्मको मुख्य राजमार्ग, सिर्जनाचोक, राष्ट्र बैङ्कचोक, लेकसाइड, सभागृहचोक, न्यूरोड, चिप्लेढुङ्गागायत क्षेत्रमा तार भूमिगत गरिने भएको हो। मुख्यदेखि सहायक सडकसम्मै तार बिछ्याइने आयोजना प्रमुख सुवेदीले बताउनुभयो।

उहाँका अनुसार विद्युत् लाइनसँगै टेलिफोन, केबल र इन्टरनेटका तारका लागि अप्टिकल फाइबर पनि बिछ्याइनेछ । "विद्युत्सँगै केबल र दुरसञ्चार सेवा प्रदायक संस्थाका तार पनि एकैसाथ भूमिगत गरिन्छ, अहिले भएको ओभरहेड प्रणालीका सबै तार हट्छन्", उहाँले भन्नुभयो, "पोखराका मुख्य सहरी क्षेत्र र पर्यटकको बढी आउजाउ हुने ठाउँको तारलाई जमिनमुनि बिछ्याउन लागिएको हो ।"

पोखरामा तार भूमिगत र वितरण प्रणाली सुदृढीकरणमा रु एक अर्ब ३० करोड खर्च हुने प्राधिकरणले जनाएको छ । पोखरा सहरभरिको तारलाई भूमिगत गर्न रु पाँच अर्ब बढी बजेट चाहिने आयोजना प्रमुख सुवेदीले बताउनुभयो । पोखरा र भरतपुरमा तार बिछ्याउन रु दुई अर्ब ५० करोड ३३ लाखमा ठेक्का लगाइएको थियो । दुवै सहरमा एकै प्याकेजमा काम भइरहेको हो । तार बिछ्याएपछि ग्राहकको घरघरमा बिजुली पुऱ्याउने काम पनि प्राधिकरण नै गर्नेछ।

प्राधिकरणले सडकमा न्यून क्षति हुने गरी तार बिछ्याउने प्रविधि प्रयोग गर्दै आएको छ। 'होरिजेन्टल डाइरेक्सनल ड्रिलिङ' प्रविधिबाट सडक खनेर तार भूमिगत गरिने आयोजना प्रमुख सुवेदीले बताउनुभयो । यात्रु र यातायातका साधनको आउजाउमा बाधा नपुग्ने गरी निर्माणका काम भइरहेको उहाँको भनाइ छ । तार भूमिगत गरेपछि ठाउँ-ठाउँमा ट्रान्सफर्मर राखेर ग्राहकका घरघरमा बिजुली पुऱ्याइने प्राधिकरणले जनाएको छ।

विद्युत् लाइन जमिनमुनि बिछ्याउँदा अव्यवस्थित तार, पोलबाट पोखराले मुक्ति पाउनेछ। तार भूमिगत गर्दा पर्यटकीय राजधानी पोखराको सौन्दर्य बढ्नुका साथै विद्युतीय दुर्घटनासमेत न्यूनीकरण हुने पोखरा महानगरपालिका-९ का वडाध्यक्ष दीपेन्द्र मर्सानीले बताउनुभयो।

भूमिगत तार बढी क्षमतायुक्त र भरपर्दो हुने प्राविधिक बताउँछन् । तार बिछ्याउँदा ठूलो बजेट लाग्ने भएपनि ग्राहकको बढ्दो माग र बिजुलीको चाप थेग्न भूमिगत प्रणाली उपयुक्त हुने उनीहरुको भनाइ छ । भूमिगत प्रणालीलाई अन्य सहरमा विस्तार गर्दै जाने योजनामा प्राधिकरण छ। काठमाडौं उपत्यकापछि भरतपुर र पोखरामा सो परियोजना अघि बढेको हो ।रासस

मधेश प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

कृषि ज्ञान केन्द्र धनुषा

सिंचाई व्यवस्थापन प्रबर्द्धन सहयोग (स्यालो टयुववेल, पम्पसेट, सोलार, मोटर, कुलो पैनी/बाँध लगायत) को लागि निवेदन आव्हान सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१/१/१२

कृषि ज्ञान केन्द्र, धनुषाको आ.व. २०८०/८१ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार सिंचाई व्यवस्थापन प्रवर्द्धन सहयोग (स्यालो ट्युबवेल, ईनार, पम्पसेट, सोलार, मोटर, कुलो पैनी, बाँध लगायतको कार्यक्रम ८५ प्रतिशत अनुदानमा संचालन गर्नुपर्ने भएकोले इच्छुक कृषक, कृषक समुह, कृषि सहकारी, कृषि उत्पादनमा संलग्न निजी फर्म, उद्यमी, जल उपभोक्ता समुहले यो सुचना प्रकाशित भएको मितिले १५ औ दिन (मिति २०८१/१/२६) सम्म कार्यालय समय भित्र तोकिएको ढाचाँमा तपसिल अनुसारको कागजातहरु संलग्न राखी खामवन्दी प्रस्ताव निवेदन दर्ता गर्नु हुन आव्हान गरिन्छ। रित नपुगेका तथा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ। प्रस्ताव आवेदन बुझाउनका लागि थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

संलग्न गर्नु पर्ने कागजाहरू:-

१) रु. १० को हुलाक टिकट टाँसेको अनुसुचिको निवेदन।
२) आवेदकको हकमा नागरिकता प्रमाणपत्रको प्रतिलिपी र स्थाइ लेखा नं. को प्रतिलिपि।
३) आवेदक (कृषक समुह, कृषि सहकारी संस्था, कृषि निजी फर्म, उद्यमी, कम्पनि) को हकमा दर्ता र नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी तथा स्थाइ लेखा नं. लिएको प्रमाणपत्रको प्रतिलिपी।
४) माँग गरेको स्यालो ट्युबवेल जडान हुने जग्गाको जग्गा धनी प्रमाणपत्र (सो नभए भोगाधिकार प्रमाणको प्रतिलिपी या लिजमा लिएको जग्गाको हकमा जग्गाको लालपुर्जा र जग्गा धनीको सक्कल मन्जुरीनामा समेत।
५) मांग भएको स्याली ट्युबवेल जडान हुने जग्गाको नक्साको ब्लु प्रिन्ट, कम्प्युटर प्रिन्ट तथा जि.पि.एस कोड सहितको फोटो।
६) समुह, सहकारी संस्था र साझेदारी कम्पनीको हकमा आयोजना प्रस्ताव पेश गर्ने सम्वन्धमा समुह, सहकारी र संस्था को निर्णय प्रतिलिपी।
७) समुह, सहकारी संस्था, फर्म, उद्यमी, कम्पनिको हकमा आवेदन गर्न अख्तीयारी प्राप्त प्रतिनिधिको नार्गारकता प्रमाणपत्रको प्रतिलिपी तथा अख्तियारी पत्र।
८) यस कार्यालयबाट विगत २ वर्ष मा सिंचाइ सम्बन्धि कुनै सुविधा लिइ सकेकाले आवेदन गर्न पाइने छैन।
९) स्थानिय तहको कृषि शाखावाट सिफारीस
१०) रित नपुगेका प्रस्ताव निवेदनलाई यस कार्यक्रममा सहभागी गराईने छैन।

आवेदन पेश गर्ने स्थान: कृषि ज्ञान केन्द्र धनुषा, जनकपुर

अनुदानका शर्तहरू :

१) स्यालो ट्युववेलवाट सिँचाई पुर्याउने खेती योग्य जग्गाको हकमा १५० मिटर गहिराइ सम्म २ विग्धा, कृषि समुह/कृषि सहकारी को हकमा कम्तिमा ४ विगाहा क्षेत्रफल जग्गा धनि प्रमाण पत्र, माछापालनको लागि १.५ विग्धा, कृषि नर्सरी कृषि वनको लागि ५ कठ्ठा जग्गा आवश्यक पर्ने छ।
२) स्यालो ट्युबवेलको लागि: २ हर्ष पावर को पानी तान्ने विद्युतिय मोटर, डिजल पम्प सेट ५ एच पी सम्म, ६० मिटर गहिराइ सम्मको ४ इन्च व्यास भएको स्यालो ट्युवेल, एकल महिलाको हकमा २ इन्च को स्यालो ट्युवेल गाउँ भन्दा वाहिर र अन्य आवश्यक सहायक सामाग्री तथा जडान खर्चमा ८५ प्रतिशत अनुदान दिइनेछ। सो कार्यको लागि प्रचलित कानुन वमोजिम आपुर्तिकर्ता छनौट गरिनेछ। आपूर्तिकर्ताको स्वीकृत दररेट अनुसारको १५ प्रतिशत रकम छनौट हुने आवेदकले सम्झौताको समयमा तोकेको बैंक खातामा जम्मा गर्नु पर्ने छ।

कार्यालय प्रमुख

लिज भंग गरेकोप्रति उपमहानगरद्वारा खेद प्रकट

टुडे समाचारदाता

जनकपुरधाम । राष्ट्रिय खेलकुद परिषदले गुठी संस्थानसंग गरिएको लिज सम्झौता एकपक्षीय रुपबाट भंग गर्ने भनि गरिएको पत्राचारप्रति जनकपुरधाम उपमहानगरपालिकाले खेद प्रकट गरेको छ ।

उपमहानगरपालिकालेमंगलबार एक विज्ञप्ती जारी गर्दै जनकपुरधाम उपमहानगरपालिकालाई जानकारि समेत नगराई परिषदले एकपक्षीयरुपबाट लिज सम्झौताा भंग गर्ने पत्राचार गरिएको कार्यप्रति खेद प्रकट गरेको हो ।

उक्त स्थानमा रंगशाला निमार्णमा जनकपुरधाम उपमहानगरपालिकाबाट पूर्वाधार तयारीमा लाखौ रकम लगानी गरिसकेको,प्रचार प्रसारमा सो स्थान केन्द्रित विभिन्न खेलकुद प्रतियोगीता आयोजना गरी शंगशाला निमार्ण कार्यप्रति प्रतिवद्ध भइरहदा समेत केहि कथित व्यक्तिहरुबाट उपमहानगरपालिका र नगर प्रमुखलाई जोडेर जानाजान रंगशालाको जग्गा लिज सम्झौता भंग गरिएको भनि फैलाइएको भ्रामक समाचार प्रति

ध्यानाकषर्ण भएको जारी विज्ञप्तीमा जनाइएको छ ।

जनकपुरधाम उपमहानगरपालिका वडा नं १४ मा श्री रामजानकी बहुउदेश्यीय रंगशाला निमार्ण गर्ने गरी गुठी संस्थान प्रधान कार्यालय र राष्ट्रिय खेलकुद परिषद वीच सम्झौता भई रंगशाला निमार्ण गर्ने पूर्वाधार शुरु गर्न सडक निमार्ण, विजुली बती जडान,नाला व्यवस्थापन,जग्गालाई कांडेतारले घेरवेर गरी सुरक्षीत राखी उक्त जग्गामा विभिन्न प्रतियोगीताहरु सम्पन्न गरिएको र रंगशाला निमार्णको आर्थिक श्रोत जुटाउन संघीय सरकार, भारतीय सरकार समेत संग समन्वय गरि रंगशाला निमार्णका लागि जनकपुरधाम उपमहानगरपालिकाका नगरप्रमुखले गरिरहेको अवस्थामा लिज भंगमा नगरप्रमुखको हात रहेको भनेर हल्ला फिजाउनु गलत रहेको विज्ञप्तीमा उल्लेख गरिएको छ ।

जारी विज्ञप्तीमा रंगशालाको निमार्ण जनकपुरधाम उपमहानगरपालिका कार्यालयको विशेष चासो र सरोकारको विषय रहेको उल्लेख गर्दै रंगशाला निमार्ण गर्न गुठी संस्थान संग भएको सम्झौता राष्ट्रिय खेलकुद परिषदले भंग गरेको भए पनि उक्त जग्गामा रंगशाला निमार्ण अवश्य गरिनेछ र सो को लागि प्रदेश सरकार र स्थानिय सरकारसंग समन्वय गरी अगाडी बढुने उल्लेख गरिउको छ ।

राष्टय खेलकुद परिषदले आर्थिक अभाव र संघीय सरकारलाई दोषारोपण गरि सम्झौता भंग गरेको कार्यमा जनकपुधाम उपमहानगरपालिका कार्यालय,नगर प्रमुख र अन्य कुनै पदाधिकारीको कुनै संलग्नता नरहेको जानकारि गराउदै सम्झौता भंग गरेको घटना संग जोडेर भ्रामक समाचार प्रकासन नर्गन र झुठा दोषारोपण गरि चरित्र हत्या गर्ने गरि समाजीक संजालको दुरुपयोग नगर्न जारी विज्ञप्तीमा जनाइएको छ ।

नागरिकता नहुँदा गुम्यो जागिर

टुडे समाचारदाता

जनकपुरधाम । करिब चार वर्षअघि आफ्नै श्रीमानद्वारा एसिड छ्यापिएकी एसिडपीडित आरती साहको नागरिकता नहुँदा जागिर गुमेको छ । नागरिकता नहुँदा मधेश प्रदेशको मुख्य न्यायाधिवक्ताको कार्यालयमा पाएको जागिर गुमाउनु परेको उनले बताइन् ।

"प्रदेशका पूर्व मुख्य न्यायाधिवक्ता दीपेन्द्र झाले आफ्नो कार्यालयमा जागिर दिने आश्वासन दिए पनि मेरो नागरिकता नभएका कारण जागिरबाट वञ्चित भएको छु" उनले भनिन् । जनकपुरधाम उपमहानगरपालिका -६ स्थित पेठिया बजारनजिक बस्दै आएकी एसिड पीडित साहलाई मधेश प्रदेश सरकारका निवर्तमान न्यायाधिवक्ता झाले आफ्नो कार्यालयमा कार्यालय सहयोगीको रूपमा जागिर र त्यहाँ बस्न क्वाटरको व्यवस्था समेत गर्ने भने पनि उनीसँग नागरिकता नहुँदा जागिरबाट वञ्चित हुनु परेको उनले गुनासो गरिन् ।

"म बाँच्नुको मुख्य कारण मेरी छोरी हो, तरकारी बेचेरै भए पनि छोरीलाई राम्रो शिक्षा दिने प्रयासमा लागेकी छु । आफूले पढ्न नसकेका कारण दुःख पाइरहेकी छु, त्यसरी मेरी छोरीलाई भोग्नु नपरोस् भन्ने मेरो सोच हो" उनले भनिन् ।

नागरिकताका लागि यसअघि प्रमुख जिल्ला अधिकारीले समेत पहल गरिदिए पनि घरका सदस्यको सहयोग नभएपछि प्राप्त नभएको उनले

गुनासो गरिन् । ससुराली पक्षका सदस्यको आलटालका कारण मेरो नागरिकता र छोरीको जन्मदर्ता बनेन उनले भनिन्, "ससुराली पक्षबाट बारम्बार दबाब र धम्की आइरहेको छ ।"

यता जिल्ला प्रशासन कार्यालय धनुषाका प्रमुख जिल्ला अधिकारी रामुराज कडरीयाले पीडितलाई थप पीडा नहोस् भनेर आरतीका लागि नागरिकता बनाउन पूर्णरुपमा सहयोग गर्ने प्रतिबद्धता जनाए । उनले भने, "धनुषामा भर्खर आए पनि मैले आरतीको लागि सहज वातावरण बनाउने प्रयास गरिरहेको छु ।"

आरतीका श्रीमान् धनुषाको सबैला नगरपालिकाका सञ्जीव साह सोनारले २०७७ कात्तिक २९ गते एसिड प्रहार गरेपछि मृत्युको मुखमा पुगेका थिए । करिब तीन महिनाको उपचार र पाँच पटकको शल्यक्रियापछि आरतीले नयाँ जीवन पाएकी छन् । साहलाई प्रदेश सरकारले पाँच लाख रुपैयाँ आर्थिक सहयोग गरेको थियो ।

एसिड घटनापछि आरतीका श्रीमान् सञ्जीवलाई जेल चलान गरिएको थियो । आरतीको ससुराली पक्ष बाहेक सबैले उनलाई साथ दिएको उनले बताइन् । प्रहरी प्रशासनले पनि आरतीलाई सहयोग गरेको उनको भनाइ छ । नागरिकता र छोरीको जन्मदर्ता बन्ने पर्खाइमा आफू रहेको उनले बताइन् ।

सईले बोकेको अटोमेटिक पेस्तोल गायब

टुडे समाचारदाता

कलैया । इलाका प्रहरी कार्यालय अमलेखगन्जका वरिष्ठ सईले बोकेको अटोमेटिक पेस्तोल गायब भएको छ । वरिष्ठ सई पूर्ण बिसीले बोकेको अटोमेटिक पेस्तोल (सर्विस रिवल्वर) सोमवार रातिदेखि गायब भएको छ ।

सई बिसी सोमवार रातिमा गस्ती गएको र सोही क्रममा उनले बोकेको गोली लोड अवस्थाको पेस्तोल हराएको बुझिएको छ।

जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता डीएसपी दधिराम न्यौपानेले १० वटा गोली लोड रहेको पेस्तोल हराएको घटनाको पुष्टि गरे । घटनाबारे थप अनुसन्धान भइरहेको उनको भनाइ छ ।

सात लाखभन्दा बढीलाई हात्तीपाइले रोग विरुद्धको औषधि खुवाइँदै

टुडे समाचारदाता

जलेश्वर । राष्ट्रिय हात्तीपाइले रोग निवारण अभियानअन्तर्गत महोत्तरीमा ७ लाख १६ हजार २ सय ६४ जनालाई औषधि खुवाइने भएको छ । अन्य प्रभावित प्रदेश र जिल्लासँगै वैशाख १६ गतेबाट अभियान थालनी गरिने पत्रकार अन्तरक्रियामा स्वास्थ्य कार्यालय महोत्तरीकी कार्यालय प्रमुख सुनिता गुप्ताले जानकारी दिइन् ।

जिल्लाका सबै पालिकाका स्वास्थ्य शाखा र स्वास्थसम्बन्धी संघ संस्थाबाट तालिमप्राप्त स्वास्थ्यकर्मीहरुले घर नजिकैको केन्द्र तथा घरदैलोमै पुगेर औषधि खुवाउने तयारी भइरहेको गुप्ताले बताइन् ।

राष्ट्रिय अभियानअन्तर्गत प्रत्येक वर्ष हात्तीपाइले निवारणका लागि औषधि सेवन गराइँदै आएको भए पनि महोत्तरीमा रोग फैलने क्रममै देखिएको छ । गत वर्ष औषधि सेवन गराएपछि रक्त नमुना सर्वेक्षणमा जिल्लामा हात्तीपाइले बढ्दो समस्याको रुपमा पहिचान भएको स्वास्थ कार्यालयका सरुवा रोग फोकल पर्सन हरिनन्दन महतोले बताए ।

मटिहानी नगरपालिकाका ६ सय व्यक्तिमा रगत परीक्षण गर्दा २१ जनामा हात्तीपाइले देखिएपछि यसपटक थप प्रभावकरी तबरले जिल्लामा कोही नछुट्ने गरी औषधि सेवन गराउने तयारी रहेको महतोले बताए ।

हात्तीपाइले रोग मानिसलाई शारीरिक रुपमा अशक्त तथा अपांगता बनाउने सरुवा रोग हो । धेरैजसो संक्रमण लक्षण बिनाको हुने भएकाले समुदायमा सहजै अन्य व्यक्तिहरुलाई समेत रोग सर्ने सम्भावना भएकाले यसबाट सचेत रहन स्वास्थ्यकर्मीले सबैमा अनुरोध गरेका छन् ।

पप्पु कन्स्ट्रक्सन पुनः कालो सूचीमा

टुडे समाचारदाता

वीरगञ्ज । सरकारले पप्पु कन्सट्रक्सनलाई पुनः कालो सूचीमा राखेको छ । राष्ट्रिय आयोजनाको रुपमा रहेको बाँकेको सिक्टा सिँचाइ आयोजनाको निर्माणकार्य समयमा सम्पन्न नगरकाले पप्पु कन्स्ट्रक्सन प्रालिलाई नेपाल सरकारले कालोसूचीमा राखेको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गतको सार्वजनिक खरिद अनुगमन कार्यालयले पप्पु कन्स्ट्रक्सनलाई २ वर्ष ६ महिनाको लागि कालोसूचीमा राखेको छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र सिक्टा सिँचाइ आयोजना, नेपालगञ्जले काममा ढिलासुस्ती र सन्तोषजनक नभएको भन्दै फागुन पहिलो हप्ता कालोसूचीमा राख्न नेपाल सरकारलाई सिफारिस गरेको थियो ।

'पप्पुले सिक्टा आयोजना अन्तर्गत राप्ती नदी नियन्त्रणको जिम्मा लिएको थियो । ९ वर्षको अवधिमा जम्मा ५९ प्रतिशतमात्रै काम गरेको छ', सिक्टा सिँचाइ आयोजनाका प्रमुख देवराज निरौलाले भने, ' काम सन्तोषजनक नभएपछि कालोसूचीमा राख्नु बाध्यता

थियो ।'

आयोजना प्रमुख निरौलाका अनुसार ०७४ असारसम्म आयोजना अन्तर्गत राप्ती नदी नियन्त्रणका लागि पप्पुसँग ठेक्का सम्झौता भएको थियो । 'आयोजनाको यो त एउटा सानो काममात्रै हो । अझै थुप्रै काम गर्न बाँकी छ', उनले भने ।

२०६०/६१ बाट सुरु भएको सिक्टा सिँचाइ आयोजना हालसम्म ४० प्रतिशतमात्रै काम सकिएको प्रमुख निरौलाले बताए । बाँकेको अगैयास्थित राप्ती नदीमा बाँध निर्माण गरी ४२ हजार ७६६ हेक्टर भूमिमा सिँचाइ गर्ने उद्देश्यसहित यो आयोजना सुरु भएको थियो ।

सार्वजनिक खरिद अनुगमन कार्यालयले पप्पु कन्स्ट्रक्सनसहित अन्य ३४ वटा ठेकेदार कम्पनीलाई कालोसूचीमा राखेको छ । ती ठेकेदार कम्पनीहरुलाई कार्यालयले १ वर्षदेखि साढे २ वर्ष अवधिसम्मका लागि कालोसूचीमा राखेको छ ।

ट्रयाक्टर दुर्घटनामा एकको मृत्यु, चार जना घाइते

टुडे समाचारदाता

मलंगवा । सर्लाहीको बरहथवा नगरपालिकास्थित पिप्राभित्तामा ट्रयाक्टर दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ भने एकै परिवारका चार जना घाइते भएका छन् ।

सोमबार मध्यरात हरिपुर्वाबाट पिप्राभित्ता जाँदै गरेको ट्रयाक्टर बरहथवा नगरपालिका-१५ स्थित नहरको बाटोमा दुर्घटना भएको छ । दुर्घटनामा १७ वर्षीय राजकुमार सिंहको मृत्यु भएको छ ।

दुर्घटनामा परेका अन्य चार जनाको स्थानीय स्वास्थ्य संस्थामा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता दीपक श्रेष्ठले जानकारी दिए ।

यसैबीच, चितवनमा मोटरसाइकलले साइकललाई ठक्कर दिँदा एक जनाको मृत्यु भएको छ भने दुई जना घाइते भएका छन् । सोमबार साँझ भरतपुर महानगरपालिका-३ बेलचोकमा बाह्रघरेबाट बेलचोकतर्फ आउँदै गरेको मोटरसाइकलले विपरीत दिशाबाट आउँदै गरेको साइकललाई ठक्कर दिएको थियो ।

मोटरसाइकलको ठक्करबाट घाइते साइकलयात्री भरतपुर महानगरपालिका-११ गणेशस्थानका ६० वर्षीय कुमार गुरुङको चितवन मेडिकल कलेजमा उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय चितवनका प्रवक्ता श्रीराम भण्डारीले जानकारी दिए ।

मोटरसाइकल चालक मकवानपुर मनहरी गाउँपालिका-३ का ३३ वर्षीय सुदर्शन अधिकारी र मोटरसाइकल पछाडि सवार भरतपुर-९ वसन्तचोकका ४९ वर्षीय सन्तोष बुर्लाकोटी घाइते भएका छन् । घाइते दुवैको चितवन मेडिकल कलेजमा उपचार भइरहेको छ ।

दुर्घटनामा पत्रकार यादवको मृत्यु

टुडे समाचारदाता

जनकपुरधाम । धनुषाको मिथिला नगरपालिका -६, ढल्केवरमा मोटरसाइकल दुर्घटनामा एक जना पत्रकारको मृत्यु भएको छ । धनुषाधाम नगरपालिका -५, का २८ वर्षीय विनयकुमार यादवको मोटरसाइकल दुर्घटनामा मृत्यु भएको प्रहरीले जनाएको छ ।

उनी रेडियो धनुषाधामका सञ्चालक थिए । मङ्गलबार बिहान ४ बजे आफैले चलाएको प्रदेश ०२-००६ प ३०३५ नम्बरको मोटरसाइकल ढल्केबर-जनकपुरधाम सडकखण्डमा अनियन्त्रित भएर सडक छेउको रेलिङमा ठोक्किएर दुर्घटना भएको प्रहरीको भनाइ छ ।

दुर्घटनामा परी गम्भीर घाइते भएका यादवको उपचारको क्रममा जनकपुरधाम स्थित प्रादेशिक अस्पतालमा बिहान करिब ६ बजे मृत्यु भएको जिल्ला प्रहरी

कार्यालय धनुषाका प्रवक्ता रञ्जन अवाले जानकारी दिए ।

मोटरसाइकलमा पछाडि सवार रहेका यादवका छिमेकी ३० वर्षीय लक्ष्मीनारायण यादव घाइते भएका छन् । उनको प्रादेशिक अस्पताल जनकपुरधाममा उपचार भइरहको छ ।

वीरगञ्जमा एक जनाको शव फेला

वीरगञ्ज । पर्साको वीरगञ्जमा मंगलबार साँझ एक जनाको शव फेला परेको छ । वीरगञ्ज महानगरपालिका चिनीमिल नजिकै नालामा एक जनाको शव फेला परेको छ ।

चिनी मिलस्थित नालाभित्र एक जनाको शव फेला परेको प्रहरी प्रमुख कुमोध ढुंगेलले बताए । घटनास्थलमा प्रहरीले घटनाबारे अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

सर्पदंश (सर्पको टोकाई) बाट बच्न....

- घर वरीपरी सर्प लुक्न सक्ने सम्भावित स्थानको खोजि गरी त्यस्ता ठाउँहरुको व्यवस्थापन गरौं,
- घर वरीपरी सफा राखौं, प्वालहरु टालौं,
- खुलास्थानमा शौच नगरौं,
- खाली खुट्टा नहिडौं, जुत्ता वा गमबुट लगाऔं,
- लट्ठि लिएर हिंडौं,
- सम्भव भए सम्म खाट/खटिया वा चौकी वा पलङ्गमा सुतौं,
- सुत्दा झुलको अनिवार्य प्रयोग गरौं,
- सुत्ने बेलामा ओछ्यान राम्ररी हेरौं,
- राती हिंड्दा टर्चको प्रयोग गरौं,
- पराल दाउरा आदी निकाल्दा होसियारी अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८